जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १६, २०७७ साल पुस १७ गते शुक्रबार, नेपाल संवत् ११४१ (Jan. 1, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

विदेशी मुद्रामा राष्ट्रबैंकको गृहकार्य

काठमाडौं । नेपाल राष्ट्र बैंकले अनलाइनमार्फत ५ सय अमेरिकी डलरसम्म विदेशी मुद्रामा कारोबार गर्न पाउने व्यवस्थाको गृहकार्य गरिरहेको छ । त्यसका लागि वाणिज्य बैंकहरूले अनलाइनमार्फत विदेशबाट सेवा आयात बापतको भुक्तानी गर्न विदेशी मुद्राको प्रिपेडकार्ड जारी गर्न सक्नेछन् ।

पछिल्लो समय विज्ञापनहरू फेसबुक ट्वीटर जस्ता सामाजिक सञ्जाल तथा युट्युब गुगल लगायत अन्य सूचना बाँकी ८ पेजमा

बल्ल आउने भो मल

काठमाडौं । बंगलादेशबाट यही पुस महिनाभित्र रसायनिक मल नेपाल पठाउने तयारी अन्तिम चरणमा पुगेको छ । सरकारले एलसी (लेटर अफ क्रेडिट) अर्थात् प्रतीत पत्र खोले लगत्तै यसको दश दिनभित्रमा मल ढुवानीको सुरुवात हुनेछ ।

सरकारले बंगलादेशबाट ५० हजार मेट्रिक टन मल ल्याउँदैछ । मल भित्र्याउँदा प्रति मेट्रिक टन ३५९ दशमलव ५ डलर बराबर लाग्ने जनाइएको छ । यो हाल आयात भइरहेको मलको तुलनामा प्रति मेट्रिकटन झन्डै साढे १८ डलरले सस्तो बाँकी ८ पेजमा

ओलीको तयारी : आन्दोलन चर्किंदै गए संकटकाल

काठमाडौं । मध्य पुसको बढ्दो चिसो मौसमबीच नेपाली राजनीति सय डिग्री तापमानजस्तै भकभक उम्लिन थालेको छ । सहर सडक र गल्लीहरू आन्दोलित भएका छन् । भनिंदैछ आन्दोलनको यो त ट्रेलर मात्रै हो । पुरैसिन देखिन बाँकी नै छ । अहिले भत्खरुहरू मात्र आएका छन् जन्ति आउन बाँकी नै छ । बाजा बज्न बाँकी नै छ । आन्दोलनकारीहरूका अगुवाहरूबाट अभिव्यक्त यस्ता संकथनले मुलुक फेरि एकपटक वार कि पारको लडाइँमा होमिंदैछ भन्ने बुझ्न गाह्रो छैन । गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत प्रतिनिधिसभा विघटन गर्ने सिफारिसमा ल्याप्चे ठोकाएपछि तरंगित नेपाली राजनीति अहिले सडकमा दुन्दुभी बनाउँदै आधुनिक महाभारतयुद्धतर्फ उन्मुख देखिएको छ । आन्दोलनको अभिस्टता विघटित प्रतिनिधिसभा पुनर्स्थापना रहेको छ । आन्दोलनले एकातिर सर्वोच्च अदालतको ढोका घच्घच्याउने जमर्को समेत गरेको बुझ्न सकिन्छ । अर्कोतर्फ अविश्वसनीय मनले संघर्षको आँधीबेहरी ल्याउने संकल्प पनि गरिरहेको छ । प्रतिनिधिसभा पुनर्स्थापनाका यिनै दुईवटा बाटा मात्रै छन्, सर्वोच्च अदालतबाट पुनर्स्थापना या सडक संघर्षबाट पुनर्स्थापना । आन्दोलनकारी शक्तिहरूको विश्वास सडक संघर्षमा बढी देखिएका छनक पाइन्छ ।

गर्माइरहेको नेपाली राजनीतिलाई नियाल्दै उत्तरी र दक्षिणी मित्रराष्ट्रहरू काठमाडौं भ्रमणमा प्रतिस्पर्धा गर्न थालेका छन् । गत आइतबार नेपाल आएको चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको टोलीले राष्ट्रपतिदेखि प्रधानमन्त्री, सत्तारुढ दल नेकपा प्रचण्ड-नेपाल समूहका नेताहरू पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, सभामुख अग्नि सापकोटा, जसपा संघीय परिषद् का अध्यक्ष डा.बाबुराम भट्टराई, प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालगायत राजनीतिक दलका शीर्ष नेताहरूसँग भेटवार्ता गरेको छ । अन्तर्राष्ट्रिय विभागका उपमन्त्री गुओ येचौको नेतृत्वको चार सदस्यीय टोली नेपालको राजनीति धेरै

तरल र विषम परिस्थितिमा पुगेका बेला काठमाडौं भ्रमणमा आएको हो । सत्तारुढ नेकपाको विभाजनलाई रोक्न चिनियाँ राजदूत होउयान्छी असफल भएपछि राष्ट्रपति सि चिन फिङको सन्देश बोकेर उपमन्त्री गुओ पेचौ नेतृत्वको टोली यहाँ आएको हो । टोलीको मुख्य उद्देश्य विभाजित नेकपालाई पुनः एकत्रित गराउनु रहेको बुझ्न सकिन्छ । केपी शर्मा ओली २०७४ फागुन ३ मा प्रधानमन्त्री भएका बखत गुओ नै चीनको तर्फबाट बधाई दिन नेपाल आएका थिए ।

चीनको नेपालमा बढ्दो कूटनीतिक सक्रियताबारे टीकाटिप्पणी भइरहँदा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ लिजियानले भनेका छन्- चीनले नेपाल र चीनबीच साझा आपसी चासो, कोभिड नियन्त्रण र रोकथाम एवं सुशासनका विषयमा छलफल गर्न चिनियाँ कम्युनिस्ट पार्टीको टोली काठमाडौं आएको पुष्टिकरण दिएका छन् । बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा उनले नेपालको राजनीतिक स्थायित्व र विकास सुनिश्चित गर्न आन्तरिक विवाद समाधान हुने विश्वास व्यक्त गरेका छन् । चीनले एक मित्रवत निकट छिमेकीका रुपमा नेपालको राजनीतिक परिस्थितिको विकासक्रमलाई नोट गरेको छ, प्रवक्ता माओले भनेका छन्, नेपालमा सबै पक्षले राष्ट्रिय स्वार्थसहित देशको समग्र तस्विरलाई ध्यानमा राख्दै आन्तरिक विवाद सही ढंगले समाधान गर्नेछन् भन्ने हाम्रो विश्वास छ र उनीहरूले राजनीतिक स्थिरता र विकास सुनिश्चित गर्ने प्रयास गर्नेछन् । चीन र नेपाल लामो समयदेखि असल छिमेकी, मित्र र साझेदार हुन् । चिनियाँ कम्युनिस्ट पार्टीले नेपालमा प्रमुख राजनीतिक दलहरूसँग मित्रवत र निकट संवाद कायम गरेको छ । यसले दुई देशबीच परम्परागत मित्रता सुदृढ गर्ने, व्यावहारिक सहकार्य वृद्धि गर्ने तथा सुशासनको आपसी सिकाइ गर्ने एवं आपसी राजनीतिक समझदारी विस्तार वृद्धिमा सहयोगी भूमिका खेलेको छ । यो वर्ष नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६५ औं वार्षिकोत्सव हो । हाम्रो प्रतिनिधि मण्डलले साझा चासोका अन्य विषयसँगै महामारी रोकथाम र नियन्त्रण र सुशासनका विषयमा विचार अदानप्रदान गर्नेछ । साथै उनले चिनियाँ कम्युनिस्ट पार्टी स्वतन्त्रता, पूर्ण समानता, आपसी सम्मान र अहस्तक्षेपका आधारमा अन्तरपार्टी सम्बन्ध अघि बढाउने सिद्धान्तमा विश्वास गर्छ भन्ने भ्रमणलाई हस्तक्षेपका रुपमा नबुझ्न आग्रह गरेका छन् ।

चिनियाँ नेता गुओले नेकपा विभाजन कसरी भयो ? किन भयो यसको सम्पूर्ण पृष्ठभूमि के हो ? विभाजित नेकपाको पुनः एकीकरणको सम्भावना कति छ ? विभाजित पार्टीमा कुन समूहमा कति शक्ति छ ? संसद पुनर्स्थापनाको सम्भावना कति हो ? भन्ने विषयमा चासो प्रकट गरेको थियो । राष्ट्रपति विद्या भण्डारीले बाँकी ८ पेजमा

वित्तीय संस्थाहरूको कर्जा प्रवाह बढ्यो

काठमाडौं । बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह गत वर्षको सोही अवधिमा भन्दा वृद्धि हुन थालेको छ । यद्यपि अहिले कर्जा प्रवाह अनुत्पादक क्षेत्रमा भएको देखिएको छ । गत वर्षको तुलनामा चालू आवको पाँच महिनामा २ खर्ब ३७ अर्ब कर्जा लगानी वृद्धि भएको छ । गत वर्षको यो अवधिमा पनि अघिल्लो वर्षको तुलनामा कर्जा लगानी २ खर्ब १५ अर्बले बढेको थियो ।

गत असार मसान्तमा वाणिज्य बैंकहरूको कर्जा लगानी २९ खर्ब ३ अर्ब थियो । चालू आवको १० पुससम्ममा कर्जा लगानी ३१ खर्ब ४० अर्ब पुगेको छ । यो ८ प्रतिशतको वृद्धि हो । १० पुससम्म विभिन्न वाणिज्य बैंकले ३९ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । निक्षेप संकलन भने ३५ अर्ब रुपैयाँ मात्र भएको छ ।

नेपाल बैंकर्स संघका अनुसार पुस १० गतेसम्ममा बैंकहरूले ३७ खर्ब २९ अर्ब रुपैयाँ निक्षेप संकलन गरेका थिए भने ३१ खर्ब ४० अर्ब कर्जा प्रवाह गरेका थिए । २७ मंसिरसम्ममा निक्षेप ३६ खर्ब ९४ अर्ब र कर्जा ३१ खर्ब १ अर्ब रुपैयाँ थियो । त्यस्तै पछिल्लो एक सातामा कर्जा लगानी १७ अर्ब र निक्षेप १२ अर्ब रुपैयाँले बढेको छ ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको चार महिनामा उपभोग्य कर्जा १०.१ प्रतिशतले बढेको छ । सरकारी वा संस्थागत ऋणपत्रको धितोमा लिने कर्जा र क्रेडिट कार्ड कर्जा क्रमशः २६.४ र १८.४ प्रतिशतले बढेको छ ।

त्यस्तै घरजग्गा व्यवसाय कर्जा १४.६ प्रतिशत, विज्ञापन क्षेत्रमा जाने कर्जा ४४.४ प्रतिशत, सेयर धितो कर्जा २१.६ र स्थिर सम्पत्तिमा लगानीका लागि दिइने कर्जा ११.९ प्रतिशतले बढेको छ ।

कृषि कर्जा बढे पनि चिया उत्पादनका क्षेत्रमा जाने कर्जा भने ३.५ प्रतिशतले घटेको छ । ७.४ बाँकी ८ पेजमा

लम्बिँदै नेकपा आधिकारिकता विवाद

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को आधिकारिकता र चुनाव चिन्हसम्बन्धी विवाद निरुपण हुन लामै समय लाग्ने देखिएको छ । केपी शर्मा ओली र प्रचण्ड नेपाल दुवै पक्षले दल विभाजनका लागि औपचारिक प्रक्रिया थालेका छैनन् । दुवै पक्षले आफूलाई संस्थापन पक्ष भएको दाबी गरे पनि विभाजनको अपजस बोक्न भने चाहेका छैनन् । दलसम्बन्धी ऐन २०७३ ले तेकेको दल विभाजन वा दलको मान्यतासम्बन्धी कानुनी प्रक्रियामा कुनै पक्षले पनि प्रवेश गरेका छैनन् ।

ऐनको दफा ३३ (२) अनुसार दल विभाजनका लागि केन्द्रीय समिति र संघीय संसदका संसदीय दलसहित दुवैमा कम्तीमा ४० प्रतिशत सदस्यको साथ चाहिन्छ । अहिले प्रतिनिधिसभा विघटन भएको अवस्था छ । ऐनअनुसार पार्टी विभाजन गर्न बाधा देखिन्छ । ऐनले दफा ४३ देखि ४६ मा दलको मान्यतासम्बन्धी विवाद निरुपणको

व्यवस्था गरेको छ । दुई वा दुईभन्दा बढी दलबीच वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षबीच पार्टीको नाम, छाप, विधान, झन्डा, चिन्ह, पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकतामा विवाद उत्पन्न भए त्यसमाथि निर्वाचन आयोगले निर्णय लिन सक्छ ।

नेकपामा यतिबेला नाम, छाप, झन्डा र चिन्ह लगायतका विषयमै विवाद छ । दुवै पक्षले आआफ्नै ढंगले त्यसमाथि दाबी गरिरहेका छन् । तर निर्वाचन आयोगमा ऐनको प्रक्रिया पुऱ्याएर ओली, प्रचण्ड-नेपाल समूह दुवैले दलको नाम, झन्डा, चिन्ह लगायतका विषयलाई आधिकारिकता पुऱ्याएर दाबी गरेका छैनन् । यसले निर्वाचन आयोगलाई नेकपा विभाजनका विषयमा प्रवेश गर्न गाह्रो भएको छ ।

ओली र प्रचण्ड नेपाल पक्ष दुवैले एक अर्कालाई कारबाही गरेको, केन्द्रीय समिति थपघट गरेको, विधान संशोधन गरेको जस्ता जानकारी आयोगलाई दिएका छन् । पुस १० मा प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ लगायतका नेताहरू आयोगमा पुगेर आफूहरू आधिकारिक रहेको दाबी गरेका थिए । प्रचण्ड नेपाल पक्षले २ सय ८७ जना केन्द्रीय समितिको हस्ताक्षर पनि आयोगलाई बुझाएको छ । तर त्यसमा आधिकारिकताको माग दाबी छैन । ओली पक्षले पनि पार्टी विभाजन नभएको र एउटै भएको दाबी गरिरहेको छ । ओली पक्षले अर्का अध्यक्ष प्रचण्डलाई कारबाही गरेर अध्यक्षबाट हटाएको, प्रवक्ता परिवर्तन गरेको र केन्द्रीय समिति बाँकी ८ पेजमा

सरकार र उखु किसानबिच चार बुँदे सहमित

काठमाडौं । आन्दोलित उखु किसान र सरकार बीच चार बुँदे सहमित भएको छ । सोमबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्तामा उखु किसान र सरकार बीच चार बुँदे सहमति भएको हो ।

सहमतिपछि किसानले दुई सातादेखिको लामो आन्दोलन स्थगित गरेका छन् । मन्त्रालयका प्रवक्ता डा.नारायण रेग्मीले उखु किसानले २१ दिनभित्र चिनी उद्योगीबाट पाउनुपर्ने बक्यौता रकम पाउने भएका छन् । किसानले आन्दोलन फिर्ता गर्ने र २१ दिन भित्र चिनी उद्योगीले किसानको सबै बक्यौता नतिरे थप कानुनी कारवाही गरेर सरकारले उखु किसानलाई रकम उपलब्ध गराइने भएको छ ।

चिनी उद्योगीले करिब ६ वर्ष देखिको उखुको बक्यौता नदिएपछि गत २९ मंसिर देखि काठमाडौंको माइतिघरमा आन्दोलन उत्रिएका थिए ।

कांग्रेसले मनायो राष्ट्रिय एकता दिवस

काठमाडौं । नेपाली कांग्रेसले देशभर राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाएको छ । २०३३ साल पुस १६ गते नेपाली कांग्रेसका संस्थापक वीपी कोइरालासहितका नेताहरू आठ वर्षे निर्वासित जीवन बिताएर यसै दिन स्वदेश फर्केको सम्झनामा यो दिवस मनाइने गरिएको छ ।

आठ वर्षको भारत प्रवासपछि २०३३ साल पुस १६ गते कांग्रेस नेताहरू वीपी कोइराला, गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्कालगायत राष्ट्रिय एकता र मेलमिलापको सन्देशसहित नेपाल फर्किएका थिए ।

२०१७ सालमा तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको सरकार बर्खास्त गर्दै निर्दलीय पञ्चायती व्यवस्था शुरु गरेपछि कोइरालासहितका नेतालाई ७ बर्ष जेल पठाइएको थियो । त्यसपछि २०२५ सालमा वीपीसहितका कांग्रेस नेता भारत बाँकी ८ पेजमा

धान उत्पादन उत्साहप्रद

काठमाडौं । चालु आर्थिक वर्षमा धान उत्पादन हालसम्मकै उच्च वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष ७० हजार ८ सय ३१ मेट्रिक टन धान उत्पादन वृद्धि भएको कृषि तथा पशुपन्छि विकास मन्त्रालयले सोमबार सार्वजनिक गरेको तथ्यांकमा छ ।

यसवर्ष विगतका वर्ष भन्दा १४ हजार हेक्टर ५ सय ५९ हेक्टर क्षेत्रफल बढीमा धान रोपाइ भएको थियो । मन्त्रालयको तथ्यांक अनुसार कुल १४ लाख ७३ हजार ४ सय ७४ हेक्टर क्षेत्रफलमा धान उत्पादन भएको हो । धानको उत्पादनकत्व ३.८२ पुगेको छ । यो गतवर्षको भन्दा यसवर्ष धान उत्पादकत्व ०.२८ प्रतिशत बढी हो ।

कोरोनाविरूद्धको खोप कति उपयोगी ?

काठमाडौं । सरकारले भारतमा उत्पादन भइरहेको कोरोनाविरुद्धको खोप उपयोगी हुन सक्ने बताएको छ । भारतीय खोप सिरम इन्स्टिच्युट अफ इन्डिया (एसआईआई) ले बेलायतको अक्सफोर्ड विश्वविद्यालय र ब्रिटिस औषधि निर्माता कम्पनी एस्ट्राजेनेकासँगको सहकार्यमा खोप उत्पादन गरिरहेको छ। कोरोना भाइरसविरुद्ध आपत्कालीन प्रयोगका लागि सिरमले सरकारसँग अनुमति माग गरिसकेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय सिंहदरबारमा भएको छलफलमा खोपबारे उपप्रधानमन्त्री पोखरेलले जानकारी गराएका थिए ।

उक्त छलफलमा स्वास्थ्य मन्त्रालयका पदाधिकारीले भारतमा उत्पादन हुने खोप ल्याउन सहज, सस्तो र भण्डारण गर्नसमेत सजिलो हुने जानकारी गराएका छन्। ९० प्रतिशतसम्म प्रभावकारिता भएको कोभिसिल्ड नाम दिइएको खोप २ देखि ८ बाँकी ८ पेजमा

निर्वस्त्र नेतृत्व र निर्लज्ज राजनीति

समय-सन्दर्भ

■ अमूल्य थारू

भारत आकारले मात्र ठूलो छ, तर छिमेकीहरूलाई सताइरहन्छ । त्यसैले उसको हृदय सानो छ । दक्षिण एसियाका सबै देशलाई भारतले 'कारिन्दा' बनाउन चाहन्छ । नेपालका दिल्ली परस्त निर्वस्त्र नेताहरूले निर्लज्ज राजनीति कहिलेसम्म चलाइरहन्छन् ? यो प्रश्न सबै नेपाली जनताले गर्न थालेका छन् ।

आफ्नो देश भनेपछि सबैजना गर्व गर्छन् । नेपाली नेताहरू मात्रै किन अरुको दलाल भएका होलान् ? दलाल त इन्डियामा पनि छन् तर उनीहरू हत्पति नांगिदैनन् । लुगा लगाउने दलाल र नांगा दलालहरूमा यही फरक छ ।

भारतीय दूतावासबाट हरेक महिना नेपालका केही नेताहरूले प्रशस्त रकम लिने गरेको, आफ्ना छोराछोरीलाई भारतमा छात्रवृत्तिमा पढाएको र विभिन्न ठाउँमा आफ्नो राजनैतिक वचस्व समाप्त हुँदै गएकोमा चिन्ता गरिरहेको पनि सुनिन्छ ।

नेपाली राजनीतिज्ञहरूले चार धाम मान्ने गरेका भारतका गुप्तचर संस्था, परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री कार्यालय आदि अहिले रनभुल्ल परेका छन् । उनीहरूले लगानी गरेका नेताहरू पंगु ठहरिएका छन् । त्यसैले अब कसलाई मूर्ख बनाउन सकिन्छ भनेर नयाँ खेतालाको खोजी गरिरहेका छन् । अहिलेको राजनीतिक यथार्थ यही हो ।

नेपालको प्रहरी-प्रशासन र सरकार कर्तव्यच्युत भएकै कारण दण्डहीनता, अराजकता एवं अशान्ति बढ्दै गएको कुरा कटु भएपनि यथार्थ हो । अपराध र राजनीतिको सीमारेखा छुट्टिन नसक्ने अवस्थामा अपराधी र राजनीतिज्ञ छुट्याउन त्यतिकै गाह्रो हुन्छ । ल्याक्टोमिटरले दूधमा मिसिएको पानीको मात्रा देखाउन सक्छ तर राजनीतिकरण हुँदै गएको अपराध र अपराधीकरण हुँदै गएको राजनीतिलाई पृथक गराउन असम्भव हुँदै गएको छ । जघन्य अपराधबाट सफाइ नपाउँदै राज्यका महत्वपूर्ण पदमा पुगेका व्यक्तिहरूका कारण मात्र होइन, राजनीतिले विधिको शासनलाई घोडा चढेका कारण कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सम्पूर्ण शक्तिको दुरुपयोग भएको हो । न्यायपालिका, प्रेस र सेनालाई समेत धराशायी बनाएर 'भग्नावशेषमा नयाँ निर्माण गर्ने' प्रयत्नमा नेताहरू योजनाबद्ध ढंगले सक्रिय छन् ।

भारतीय शासकवर्गको छहारीमा बसेर 'राजनीति गर्ने' (???) बानी परेका अधिकांस नेपाली नेताले नेपालको राष्ट्रिय हितलाई उपेक्षा गर्दै आएका छन् । त्यसैले नेपाल भविष्यमा आतंकवादीका अत्यन्त सुरक्षित थलो बन्ने संभावना प्रवल बनेको छ । नेपालमा भारतीय गुप्तचर संस्था 'रअ' मात्र बाँकी ८ पेजमा

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

देशले सैनिक शासन देख्न नपरोस्

संसद विघटन भए पनि वा पुनर्स्थापन भए पनि त्यसपछिको सरकार भनेको फेरि पनि ओलीकै हो । संसद विघटन हुँदा उनी कामचलाउ सरकारको प्रधानमन्त्री हुन्छन् भने संसद पुनर्स्थापन हुँदा उनी एमसिसि चाहने दलहरू मिली बनेको संयुक्त सरकारका प्रधानमन्त्री हुन्छन् ।

सुरेन्द्र ढकाल

पंचायतकालमा सरकारलाई विपक्षी बनाइएको मुद्दामा सर्धै सरकारको जित हुन्थ्यो, भनाइको मतलव दरबारको आशयमा अदालतबाट सरकारको पक्षमा राष्ट्रिय मुद्दाहरूको फैसला हुन्थ्यो । प्रजातन्त्र आएसँगै सरकारको विपक्षमा अदालती निर्णय हुन सुरु भयो । गिरिजाले टनकपुरलाई सहमती भनेका थिए, होइन त्यो सन्धि नै हो भनेर अदालतले ठोकुवा गऱ्यो ।

मनमोहनको सरकारले मध्यावधि निर्वाचन घोषणा गर्दा अल्पमतको सरकारले सो गर्न मिल्दैन भनी तत्कालिन एमालेलाई चुनावमा जान नदिई संसद पुनर्स्थापन गऱ्यो । उता जनदबाबको कारण तत्कालिन नेपालको संविधानमा व्यवस्था नै नभएको संसद पुनर्स्थापना शाही घोषणाद्वारा गर्न तत्कालिन राजा ज्ञानेन्द्र बाध्य भए । सो घोषणा गैरसंवैधानिक थियो । जनदबाब हुँदा गैरसंवैधानिक कुरा पनि जायज हुँदोरहेछ भन्ने प्रमाणित भयो ।

यस्तै मध्यावधि अनि संसद पुनर्स्थापनाको झमेलामा देशलाई धकेल्न हुन्न भन्ने भनेर हालको संविधानमा ४ नं. को प्रधानमन्त्रीले मात्रै संसद विघटन गर्न सक्ने व्यवस्था गरेको छ । सो भनेको संसद विघटन त्यतिखेरमात्रै बीचमै हुन्छ जब संसदले प्रधानमन्त्री चयन गर्न सक्तैन भन्ने मान्यता हो । संविधानमा भएको यस प्रावधानको खड्ग विद्याको गिरोहले खिल्ली उडाउँदै अहिले संसद विघटन गरेका छन् । संविधानको सही व्याख्या गरी संसद पुनस्थापनको फैसला गर्नुबाहेक अदालतसँग अर्को कुनै विकल्प छैन । यदि त्यसो गरेन भने देश गृहयुद्धमा फस्ने देखिन्छ । अहिले संसद विघटनको पक्षमा ओली र यसका समर्थकबाहेक अरु कोही पनि छैन ।

साँचो अर्थमा सत्तारुढ नेकपा भनेको चाहे ओलीको होस् वा प्रचण्ड माकुनेको यो कम्युनिस्टको नभई कमाउनिस्टहरूको भारत समर्थित भ्रष्ट सरकार हो । यसलाई जनताले निर्वाचनमार्फत घोक्रेठ्याक लगाउनुपर्छ भन्ने संसदमा उपस्थित नभएका राजनीतिक दलहरू समेतले ओलीको यो कदम गैरसंवैधानिक भनिरहेको अवस्थामा यस संसद विघटनको घोषणालाई नयाँ जंगबहादुरको उदय र नयाँ रक्तहीन कोतपर्वभन्दा अन्यथा नहोला ।

हुन त संसद विघटन भए पनि वा पुनर्स्थापन भए पनि त्यसपछिको सरकार भनेको फेरि पनि ओलीकै हो । संसद विघटन हुँदा उनी कामचलाउ सरकारको प्रधानमन्त्री हुन्छन् भने संसद पुनर्स्थापन हुँदा उनी एमसिसि चाहने दलहरू मिली बनेको संयुक्त सरकारका प्रधानमन्त्री हुन्छन् । चुनाव हुँदा उनी अथाह अमेरिकी डलर र भारु खर्च गरी चुनाव जित्छन् अनि नेपाललाई अमेरिकी खेमामा उभ्याउने संसारमा कहिँ नभएको तथाकथित कम्युनिस्ट नेता बन्नेछन् । यसो हुनु भनेको चीनलाई सरासर जिस्काउनु नै हो, नेपाललाई चीन अमेरिका बीचको रणभूमि बनाउने नै हो । यसै चीनका विदेश विभागका उपमन्त्री नेपाल आएर पलैंटी कसेका होइनन् ।

नेपाललाई आधारभूमि (BaseCamp) बनाएर अमेरिकी इन्डोप्यासिफिक एलायन्स चीन विखण्डन गरी तिब्बतलाई स्वतन्त्र राष्ट्र बनाउन चाहन्छ भन्ने कुरा चीनलाई राम्रोसँग थाहा छ । त्यसैले इन्डो अमेरिकन उक्साहटमा लागेर पार्टी नफोड भन्ने असंलग्न नै भएर बस् भन्ने सन्देश लिएर चिनियाँहरू आएका हुन् ।

उता प्रधानन्यायाधीशले बहुमत प्राप्त प्रधानमन्त्रीले चुनाव जान्छु भन्ने किन नपाउनु भनेर संवैधानिक इजलासमा प्रश्न राखे रे भनेको सुनियो । त्यो साँच्चै हो भने नयाँ कोतपर्वमा उनले आफूलाई पनि सामेल गर्ने देखिन्छन् । संवैधानिक इजलासमा को को न्यायाधीश बस्ने भनी मनोनयन गर्न पाउने निरंकुश अधिकार प्रधानन्यायाधीशलाई हुनुले संविधानको अपव्याख्या नहोला भन्न सकिन्न ।

अहिलेको सर्वोच्च अदालतको भवन भूकम्पले थिल्थिलो बनाएको कारण रेक्टोफिट गरी काम चलाइएको छ । सायद प्रधानन्यायाधीश यसलाई जनआक्रोसको सिकाररुपी नयाँ भूकम्पबाट ग्वार्लामगुर्लुम बनाई आधुनिक अमेरिकी शैलीको नयाँ अदालत भवन बनाउन चाहन्छन् जस्तो देखिन्छ । कतै उनको यो योजनाले गणतन्त्र धरासायी भई देशले सैनिक शासन देख्न नपरोस् ।

सम्पादकीय

कामचलाउ सरकारको क्षेत्राधिकार

संसद भंग गरेर अर्को चुनावको मिति घोषणा गरिसकेको अवस्थामा केपी ओली सरकार कामचलाउ सरकारमा रूपान्तरण भइसकेको छ । आफ्नो शक्तिको स्रोत संसद मासिसकेको अवस्थामा कानुनी रूपले कामचलाउ भए पनि ओली सरकार कानुन विपरीतका निर्णयहरू गरेर तानाशाही ढंगले अघि बढ्न खोजिरहेको छ । संविधानविद्हरूले संविधान विपरीत चलेको यो सरकार कामचलाउ मात्र नभएर चुनावी सरकार पनि भएकाले सरकारलाई विघटित संसदले बनाएको नीति र बजेट कार्यान्वयन गर्न र पारित गरेका योजना कार्यान्वयन गर्ने अधिकार मात्र रहन्छ भनेका छन् । त्यसबाहेक कुनै नयाँ काम कुरा गर्ने अनुमति छैन । तर प्रधानमन्त्री ओलीले संविधानको मर्म र भावना विपरीत मन्त्रिपरिषद् पुनर्गठन र मन्त्रीहरूको जिम्मेवारी हेरफेर गरेर कानुनी राज्यको धज्जी उडाएका छन् ।

वर्तमान सरकारले दैनिक प्रशासनिक कामबाहेक अरू दूरगामी असर पर्ने निर्णयहरू गर्न पाउँदैन । कामचलाउ सरकारले गरेका निर्णयहरू अर्को सरकारले उल्टाइदिएका नजिर स्थापित भइसकेका छन् । प्रधानमन्त्री केपी ओलीले अघिल्लो कार्यकालमा कामचलाउ प्रधानमन्त्रीका रूपमा रहेका देउवाले गरेका निर्णयहरू उल्टाइदिएका थिए । त्यसैगरी कामचलाउ अवस्थामै रहेका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले जलाशययुक्त बुढीगण्डकी परियोजना चिनियाँ कम्पनीलाई दिने भनेर गरेको निर्णय देउवाले उल्टाइदिएका थिए । त्यस समय देउवाले तर्क गरेका थिए कामचलाउ सरकारले महत्वपूर्ण र बहुआयामिक निर्णय गर्न हुँदैन भनेर । डा.बाबुराम भट्टराईलाई तत्कालीन राष्ट्रपति रामवरण यादवले कानुनविद्हरूको परामर्शमा कामचलाउ प्रधानमन्त्रीको पत्रसमेत थमाएका थिए ।

प्रधानमन्त्री ओलीले पुस ५ गते गरेको प्रतिनिधिसभा विघटनको विरूद्धमा अहिले विभिन्न राजनीतिक दलहरू मुलुकभर आन्दोलन गरिरहेका छन् । उनले निर्वाचन आयोगसँग परामर्श गरेर वैशाख १७ र २७ गते निर्वाचन गर्ने मितिसमेत तोकेका छन् । निर्वाचन घोषणा गरिसकेको अवस्थामा सरकारको कार्यकारिणी अधिकारमा स्वतः लगाम लाग्छ । तर प्रधानमन्त्री ओली बेलगाम घोडाको शैलीमा अघि बढेका छन् ।

आफ्नै पार्टीका माओवादी खेमाका नेताहरू अर्कोतर्फ नजाउन् भनेर ओलीले हतार हतार मन्त्रिमण्डल विस्तार गरे । मन्त्रिपरिषद् विस्तारविरूद्ध पनि सर्वोच्च अदालतमा रिट परिसकेको छ । यसअघि उनले गरेको असंवैधानिक ढंगको संसद विघटनका विरूद्ध परेका रिटहरूमा सर्वोच्चले सुनुवाइ थालिसकेको छ । कामचलाउ मन्त्रिपरिषद्को क्षेत्राधिकारबारे पनि सर्वोच्च अदालतले व्याख्या गर्ने नै छ ।

कुर्सी मोहले निम्त्याएको आन्दोलन

गोविन्द विक

प्रतिनिधि सभाको विगठनको कदमले देशलाई आन्दोलनको भुमरी जाकेको छ । प्रधानमन्त्री केपी ओलीको कदमप्रति चौतर्फी रुपमा विरुद्धको असिना वर्षिन थालेका छन ।

सत्ताको कुर्सीमा सम्महालेदेखी नै पद र शक्ती सञ्चयको अभ्यासमा तल्लिन भएका पुष्प कमल दाहाल प्रचण्ड र केपी शर्मा ओलीले अन्तत यो मुलुकलाई अस्थिरताको कालो बादलमा रुमालेर संघीय लोकतन्त्रको नै घाटी निमोठने प्रयास गरेका छन । आफनो पद जोगाएर शक्ती सञ्चयको अभ्यास गर्ने नेता कहिलै पनि राष्ट्रवादी नेता हुन सक्दैन । केपी शर्मा ओली र प्रचण्डले सरकार गठनको सुरुका दिनदेखी नै विभिन्न रबैयाहरू प्रदर्शन गर्दै आइ नै रहेका थिए ।

सरकार सञ्चालनमा व्यापक रुपमा असफलताको मार्ग समाएपछि ओलीको तानसाही रुप उग्र हुँदै आएको थियो भने प्रचण्ड पाटीको एउटा झुन्ड बोकेर ओलीलाई साइजमा ल्याउने खेलमा तल्लिन थिए । जनताको जनादेशले मात्तिएका ओली र प्रचन्डले कहिलैपनि राजनैतिक अस्थिरताले निम्त्याउने परिणामप्रति सोचेनन ।

ओली कदमप्रति देशव्यापी रुपमा आन्दोलन र विरोधका कार्यक्रमहरू सुरु हुन थालेका छन । प्रचन्ड एउटा झुन्ड लिएर सडकमा बस्न थालिसकेका छन भने ओली त्यसलाई निस्तेज पार्ने योजनामा छन । नेकपाका ओली झुन्ड चुनावको ढोल बजाउन थालेको छ भने प्रचण्ड झुन्ड नया सरकार गठनको संख फुक्दैछ ।

आखिर प्रचन्ड नै प्रधानमन्त्री भए पनि हुने चाही केही होइन । प्रचन्ड खेमाका दुई चार जना मान्छेहरूले मन्त्री राजदुत हुने हो र राज्यको ढिकुटीमा अनिमियतताको होली खेल्ने हो । अब दुई वर्ष कुर्न नसक्ने प्रचण्ड र आगोको जवाफ आगोले नै दिनुपर्दछ भन्ने ओली प्रवृत्तिले आज देश र जनताले यो नियति भोग्नु परिरहेको छ । अब यो मुलुकमा नेकपा दलबाट कहिलै पनि जनहितका काम गर्ने र मुलुकलाई राजनैतिक स्थिरता कायम नहुने देखिएको छाट प्रष्ट देखियो । चुनाव भएर कांग्रेस नै सरकारमा गएपनि देश र निमुखा जनताको मुहार फेरिने हैन ।

३० वर्ष सत्ताको साचो हातमा लिइर कांग्रेसले के गऱ्यो ? यसको लेखाजोखा जनताले गर्न पर्छ । यी पुराना दल र पाका नेतालाई फेरी भोट दिएर सत्तको साचो जनताले सुम्पीने हो भने हामी फेरी ५० वर्ष पर विकासको सवालमा पछि पर्ने पक्का छ । सरकारका तमाम अनिमिततालाई टुलुटुलु हेरेर बसेको प्रतिपक्ष दल कांग्रेसको पनि सरकारलाई सहि ठाउमा ल्याउने कुनै रचनात्मक भूमिका भएन । सरकारका जनहितविपरितका कामप्रति निधाएर बस्यो । यत्तिखेल जब ओलीको तानासाह प्रवृत्ति छाताछुल्ल भयो अनि प्रतिपक्ष दलका आखा खुल्दैछन । जनताले यहि सङघर्षकोबीचमा नयाँ दल नयाँ युवा नेतृत्वको खोजी गर्न आवश्यक भयो अब ।

अब हुने चुनावमा पनि जनताले मत दिने बेलामा एकपटक नसोची यिनै दलका नेतालाई मत दिने हो भने हामीले विकास भएन समृद्धी आएन वेरोजगार भइयो देशमा अस्थिरता जन्मीयो भन्दै गुनासो नगरे हुन्छ । ओलीले अध्यक्ष र प्रधानमन्त्री दुई मध्ये एउटा पद छोडदा के हुन्थ्यो ? पाटीबाट प्रचन्डलाई नै प्रधानमन्त्री बन्न दिएको भए आखिर दुई वर्ष त थियो त्यस बेला सम्म त जनताले थाहा पाइहाल्थे नि । केपी शर्मा ओलीले राजिनामा नै दिएर मार्ग प्रशस्त गरिदिएका भए पनि कसैले पनि याहा रातारात कायपलट गर्ने अवस्था थिएन भने किन आज यस्तो कालो दिन नित्याउनु पर्थ्यो र ।

आखिर प्रचन्ड नै प्रधानमन्त्री भए पनि हुने चाही केही होइन । प्रचन्ड खेमाका दुई चार जना मान्छेहरूले मन्त्री राजदुत हुने हो र राज्यको ढिकुटीमा अनिमियतताको होली खेल्ने हो । अब दुई वर्ष कुर्न नसक्ने प्रचण्ड र आगोको जवाफ आगोले नै दिनुपर्दछ भन्ने ओली प्रवृत्तिले आज देश र जनताले यो नियति भोग्नु परिरहेको छ ।

राजनैतिक पूर्वाग्रह साधेर मुलुकलाई नै अप्ठयारोमा पारेर संवैधानिक संकट नित्याउनु कतिको राम्रो थियो । जनताले अब चुनावमा राम्रै हिसावकिताव नगरे फेरी यो मुलुक र जनताको समृद्धि धेरै पछाडी धकेलिने पक्का नै छ । जनमतलाई सम्मान गरेर जनहितका काम नगर्ने नेता कहिलैपनि राजनेता बन्दैन । मुलुकलाई अस्थिरतातिर धकेलेर चुनाव गर्छु भन्ने ओली र प्रधानमन्त्री बन्न हत्तारिएर झगडामा घिउ थप्दै जाने प्रचन्ड अनि त्यसका मतियारहरूलाई आगामी चुनावबाट चोटिलो जवाफ दिन विर्सन

नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१८

सुदर्शन प्रधान

आफ्नो पितालाई शाही सेनाहरूले आफ्नो कारणले थर्काएको, हप्काएको, अपशब्दहरू बोलेको र ढोकै पनि फोर्न सक्ने भएको सुनेपछि माथिल्लो तलामा भएको देउवा स्वयं ढोका खोलेर तल ओर्लन्छ र शाही सेनाको गाडीमा चढेर त्यो मध्यरातमा अनिश्चीत गन्तव्यमा लाग्छ । यो पनि २०५९ आश्वीन कर्तिकमा कान्तीपुर दैनिकमै छापिएको हो । बहुदल कालमा दुई पटक प्रधानमन्त्री बनेका सेर बहादुर देउवा आज प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस पार्टीका सभापती छ । शाही सेनाबाट नेपाल सेनामा नाम फेरिएका यो संस्थाको चौतर्फी कुराहरू फेरिन र नयाँ मूल्यमान्यताहरू, प्रवृत्ती चिन्तन र विचारहरू स्थापित गर्न कति जरुरत छ भनेर कति ख्याल गरेका छन् वा छैनन् ? राज्य सञ्चालकहरूलाई सुझाव सल्लाहहरू दिएका छन् वा छैनन् ? उनै जानुन् ।

ईतिहास र कुनै पत्रिकाहरूमा पनि अझैसम्म अलिखित र जनश्रुती जस्तो एउटा घट्ना छ, शाही सेनाभीत्र घटित । यो २०३६ ।०३७ सालतिरको हो, पोखरा महेन्द्रपुलको तत्कालिन शाही सेना व्यारेकमा बस्ने एक सिपाहीको परिवारको दर्दानक आत्महत्या र त्यसले व्युत्पत्ती गरेको विस्फोटक अर्को घट्ना ।

घट्नाको विवरण यस्तो थियो, एक सिपाहीको परिवार सुत्केरी पछि घरमा आवश्यक माया, स्नेहको अभावले दुई महिनाको बच्चा काखमा च्यापेर आफ्नो श्रीमानलाई खोज्दै पोखरा शहर आईपुग्छीन् र महेन्द्रपुलको सैनिक व्यारेक पत्ता लगाउँछिन्, कैयौं दिन लगाएर । व्यारेकको गेटमा तिनले जानकारी गराउछिन्, आफ्नो नाम, ठेगाना र श्रीमानको नाम आवश्यक कुराहरू । आफ्नी श्रीमती व्यारेक गेटमा आफूलाई भेट्न आएको जानकारी पाए लगत्ते आफ्नो इमरजेन्सी कामको लागि छुट्टी माग्छ । तर उनले छुट्टी नै पाउदैन । त्यहाँको मूल कमाण्डरसम्म आफ्नो समस्या राख्छ तर उनले पनि सुन्दैनन् । सिपाहीले बिदा पाउँदैन, उनी हतास बन्छ आफ्नोसुत्केरी श्रीमती र बच्चालाई भेट्न नपाएर । तर सैनिक नियमलाई उलंघन गर्न सक्दैन । बाहिर दुई महिने बच्चा च्यापेर उक्त सुत्केरी महिला आफ्नो श्रीमानको प्रतिक्षामा व्याकुल बनि गेटमा टहली रहन्छीन्, हरेक सेन्ट्री बस्ने सिपाहीहरूलाई आफ्नो कथाव्यथा एकोहोरो सुनाईरहन्छीन्, आखाँभरी आँसु पार्दै । केहि दिन बित्दा पनि श्रीमान आफूलाई र बच्चालाई भेट्न नआएपछि तिनले भयानक निर्णय गर्छिन् । बाहिरफेर होटल पसल भएका मान्छेहरूबाट मानवियता स्नेह मायाँ पाएको भए पनि तिनले त्यस्तो निर्णय गर्थीनन् होली ! तर एकनिष्ठ परिवार र नीजि सम्पत्तीको फलामे साङलोले बाँधिएर घोर व्यक्तिवादी, र अमानविय चिन्तन र प्रवृत्तीले घर जमाएका मान्छेहरूलाई एक दुखीत, पिडीत, अवला र निर्धा महिला र सानो बच्चाप्रति कसलाई सरोकार ? चारैतिरको दुर्गन्धीत र दुषीत वातावरण देखेर नै होला अनि व्यारेक भित्रको श्रीमानको अझै सम्म नाकमुख नदेखे पछि तिनले आफू बाँचीरहेको कुनै अर्थ पाईनन् । तव तिनले त्यहीं महेन्द्र पुल नजिकको छाङ्गाछुर भिरबाट सेतीनदीमा बच्चा सहित हाम्फालेर जिवनलिला त्यागीन् ।

माथिको दुःखद घट्ना व्यारेक भित्रको सिपाहीलाई आफ्ना साथीहरूबाट थाहा हुन्छ । अनि उनले आफूलाई छुट्टि नदिएर त्यो दुर्भाग्यपूर्ण घट्ना घटाउन भूमीका खेल्ने मूलमूल कमाण्डरहरूलाई बदला लिन उनि सिधैं आफ्नो कोठामा गई एके राईफलमा गोली भरिएको म्यागाजिन जोड्छ र तिनको पनि एकएकको ज्यान लिएर छोड्छ ।

(क्रमशः)

मैले देखेको १५१ औं विश्व पर्यटकीय स्थल
थाइलैण्डको पत्ताया

सुरेन्द्र ढकाल



ग्लाइडिङ उडान सुरूको अवस्थामा सुरेन्द्र



पर समुद्रबाट हेर्दा पत्ताया समुद्रीतट

साम्फ्रान हात्ती चिडिया घर (Zoo) अवलोकन गरेपछि हाम्रो बैंककमा अवलोकन गर्ने कुरा सिद्धिएको थियो। हामी चिडियाघरबाट सोझै होटल फर्कियौं र जुलाई २९ तारिखको दिन बिहानै रिजर्भ बसबाट हामीलाई बैंककबाट १६० किलोमिटरको दूरीमा रहेको दक्षिणपूर्वीय समुद्री तटमा रहेको पत्ताया सहर घुमाउन लगियो।

हामी पत्ताया पुग्दा बिहानको करिब ११ बजेको थियो। पत्ताया सन् १९६० सम्म माछा मार्ने माझीहरूको गाउँ रहेछ। भियतनाम युद्धको बेला अमेरिकन सैनिकहरू आराम र मनोरञ्जन गर्न भनेर यस ठाउँमा आउन सुरु गरेपछि यस ठाउँको क्रमशः विकाश हुँदै गएको रहेछ। पछि गएर पत्ताया थाइलैण्डको मात्रै नभै विश्वकै एक सुन्दर सामुद्रिक तटीय पर्यटनस्थल बन्न पुगेका रहेछ। हामी पुगेको बेलामा नै त्यहाँ १५०० भन्दा बढी विभिन्न तारे होटलहरू संचालनमा रहेको थाहा हुन आयो। त्यहाँ अप्रत्याशित रुपले पर्यटनको विकाश भएकै कारण थाइलैण्डका अरु गरिब ठाउँहरूबाट ठूलो मात्रामा मानिसहरू काम गर्न आउँछन् रे हामीलाइ बताइयो।

कोही पनि देशका ५० वर्ष पुगिसकेका नागरिकहरू आफ्नो बाँकी जीवन पत्तायामा बिताउन चाहन्छन् भने उनीहरूका लागि विशेष भिसाको पनि व्यवस्था गरिएको हुँदो रहेछ। पत्तायाको सामुद्रिक खाडी एसियाकै ठूलो सामुद्रिक तटमा गनिँदो रहेछ। बैंककपछि सबैभन्दा धेरै पर्यटकहरू आउने स्थल भएको कारण पनि यसले आफ्नो विकाश गर्न सकेको रहेछ।

३५ मिटर चौडा सामुद्रिक तट भएको पत्तायामा पर्यटकीय स्थल भनेको त्यहाँको पार्क, टावर रहेछ। त्यहाँको मुख्य आर्कषण भनेको लाखौं वर्ष पुरानो भनिएको स्टोन पार्क, गोही फार्म, अर्किड फार्म पानीभित्रको जलचर संसार, खाओ फ्रा वाट मन्दिर, खाओ ची चान बुद्ध मन्दिर आदि रहेछन्। हामी भूपरिवेष्ठित देश नेपालबाट गएका हुँदा

हामीमध्ये समुद्रमा बोटिङ गर्ने र अतिरिक्त ४०० भाट तिरी बोटबाटै प्यारासुट ग्लाइडिङ गर्ने उद्देश्य भएको हुँदा हामीहरू कतै नलागी सिधै समुद्री तटतिर लाग्यौं। हुन त त्यहाँ धेरैजसो पर्यटकहरू मुगा टापु (Coral Island) मा गई समुद्रभित्रको जलचर संसार हेर्न पनि जाँदा रहेछन् तर हामी भने पुरै समय क्रुज बोटिङ र हामीमध्ये केहीले प्यारासुट ग्लाइडिङ पनि गऱ्यौं। मेरो लागि त्यो ग्लाइडिङको पहिलो अनुभव थियो।

पत्तायामा रहेको बुद्ध मन्दिर

तटमा पौल्डी खेल्न पुग्ने पर्यटकहरू

बोटबाटै उडाएर बोटमा नै झार्ने गरी करिब १५ मिनेट जति उडानको मनोरञ्जन दिइँदो रहेछ। हुन त त्यहाँ सामुद्रिक क्रियाकलाप मात्रै नभै गोल्फ खेल्नेहरूको लागि ४० मिनेटको समयमा १९ किसिमका गोल्फहरू पनि खेलाइन्छन त्यतातिर पनि जानेकी भनी हामीलाई सोधिएको थियो। हामी भने पुरै दिन तटमा नै बिताउने निर्णय गरी त्यहीँ रह्यौं।

तटमा नै किनेर नुहाउने वस्त्र लगाइ समुद्रमा छिर्नुअगाडि हामीले थाहा नपाउने गरी त्यहाँको स्थानीय फोटोग्राफर ले फोटो खिची त्यसलाई विशेष प्लास्टिक प्लेटमा प्रिन्ट गरी पौडी खेलेर फर्केपछि २० भाटमा हामीलाई नै बेच्दो रहेछ। मेलै पनि आफ्नो फोटो भएको प्लेट किने जुन अहिलेसम्म मेरो घरको संग्रहमा सुरक्षित छ।

बेलुका ४ बजेपछि तटमा रहेको होटलतर्फ हामी लाग्यौं। त्यस रात हाम्रो वास त्यहीँको होटलमा भयो अनि त्यसको भोलिपल्टै ३० जुलाईको दिन बैकक फर्की ३१ जुलाईको दिन पुनः एअर इन्टरनेसनल नेपालको बोइङबाट काठमाडौं फर्कियौं।

पत्ताया समुद्रमा पौडी खेल्नुअघि त्यहीँ किनेको कट्टु र गन्जीमा स्थानीय फोटोग्राफरले खिची प्लेटमा प्रिन्ट गरेको सुरेन्द्रको फोटो

पत्तायामा ग्लाइडिङ गर्दै सुरेन्द्र सन् २००५ जुलाईमा

४१. जनमतसंग्रह गराउने शाही घोषणा



■ शम्भुराम श्रेष्ठ

नारायणहिटी दरबारमा राजासँग मेरो भेट भएको केही दिनपछि नै राजाबाट सुधारिएको निर्दलीय पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थामध्ये कुनै एउटालाई रोज्न जनमतसंग्रह गराउने घोषणा भयो । उक्त शाही घोषणा भएको लगत्तै नेपाली कम्युनिस्ट जमातले 'आह्वान' को रुपमा जनमतसंग्रह सम्बन्धी आफ्नो घोषणापत्र जारी गऱ्यो, जसमा कम्युनिस्ट जमातले स्पष्ट शब्दमा निर्दलीय पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था दुइटै नेपाल र नेपाली जनताको निम्ति विल्कुलै अफापसिद्ध भइसकेकाले नेपाल र नेपाली जनताको मुक्ति र प्रगतिको निम्ति अर्कै, सच्चा प्रजातान्त्रिक (जनतान्त्रिक) व्यवस्था चाहिएको छ, जो मजदुर वर्गको नेतृत्वमा मुलुकका समस्त श्रमजीवी जनसमुदायहरूको साझा एवं संयुक्त शासन प्रणालीको रुपमा सञ्चालित भएको हुन्छ जसले आफू शासन सत्तामा स्थापित हुने बित्तिकै नेपालमाथि भारतीय विस्तारवाद र अंग्रेज साम्राज्यवादद्वारा लादिएका तमाम असमान सन्धि सम्झौताहरू खारेज गरी नेपाललाई पूर्णरुपले स्वाधीन गराउनेछ र यस सँगसँगै 'जमिन जोत्नेको सिद्धान्त बमोजिम सामन्ती भूमिपतिहरू र जमिनदारहरूको स्वामित्वमा रहेका जग्गा जमिनहरू बिना मुआब्जा जफत गरी सदियौंदेखि जमिनका भोका भइआएका गरिब तथा खेतहीन किसानहरूमा वितरण गरी सामन्तवादलाई जरैदेखि उखेलेर वर्तमान पुँजीवादी जनतान्त्रिक 'क्रान्ति' लाई पूरा गर्नेछ, जसले नेपालको कुनै एउटा जाति विशेष र त्यसको भाषाले मात्र उपयोग गरिआएका विशेषाधिकार, विशेष सहुलियत तथा प्रोत्साहनलाई समाप्त गरी सबै जाति जनजातिहरू र तिनीहरूका भाषाहरूलाई कुनै भेदभाव नगरी समान अधिकार समान मर्यादा र समान प्रोत्साहन प्रदान गरी समानताको आधारमा नयाँ, स्वस्थ राष्ट्रिय एकता निर्माण गर्नेछ, जसले नेपाल आमाका सबै छोराछोरीहरूलाई आआफ्ना आमाबाबुको श्रीसम्पत्तिमा हक प्रदान गर्नेछ र साथै महिलाहरूलाई सबै क्षेत्रमा पुरुषहरू सरह समान अधिकार दिनाको साथसाथै पुरुष सरह हरेक क्षेत्रमा योग्य तुल्याउन विशेष प्रोत्साहन र सहुलियत प्रदान गर्नेछ, जसले साम्राज्यवाद र भारतीय विस्तारवादबाट स्वतन्त्र योजनाबद्ध आर्थिक विकासको नीति अवलम्बन गर्नेछ र शिक्षा पाउने र स्वास्थ्य उपचार गर्ने कुरालाई जनताको मौलिक अधिकार गराउनेछ, आदि । माथि उल्लेखित कुराहरू नेपाली राष्ट्र र नेपाली समाजको आजका आधारभूत आवश्यकताहरू हुन् ।

तर २००७ सालदेखि अहिलेसम्मको (२०६२ सम्मको) ५५ वर्षको अवधिमा निर्दलीय पञ्चायती व्यवस्था र संसदीय व्यवस्थामध्ये कुनैले पनि माथि उल्लेखित आधारभूत राष्ट्रिय तथा जनआवश्यकताहरूलाई पूरा गर्नु त परको कुरा हो, तिनीहरूको उच्चारण समेत गरेनन् । यसबाट निर्दलीय पञ्चायती व्यवस्था र बहुदलीय संसदीय व्यवस्था दुवै नै नेपाली राष्ट्र र जनपक्षीय होइनन्, अर्थात् नेपाल र नेपाली जनताको निम्ति काम लाग्ने व्यवस्था होइनन् भन्ने प्रमाणित हुन्छ । साँच्चै भन्ने हो भने ती व्यवस्थाहरू विल्कुलै भिन्नाभिन्नै स्वभावको देखिए तापनि तिनीहरू सारमा एउटै हुन् । निर्दलीय पञ्चायती व्यवस्था वस्तुत: निरंकुश राजतन्त्र नै हो र यसमा कुनै सन्देह छैन ।

तर नेपालको वर्तमान राजतन्त्र पृथ्वीनारायण शाह र रणबहादुर शाहको पालाको निरंकुश राजतन्त्र होइन, वल्की २००७ सालको 'क्रान्ति' र 'दिल्ली सम्झौता' को उपज हो । यस उसले नेपालको वर्तमान राजतन्त्र निरंकुश नै भए तापनि यो राष्ट्रिय पञ्चायत टाइपकै किन नहोस्, अस्तित्वमा रहनका लागि संसदीय व्यवस्थाको कभरमा रहन बाध्य छ । राजाको हातमा शासन सत्ता केन्द्रित रहेको मुलुकमा संसदीय व्यवस्था बेलायतको जस्तो नभएर पञ्चायती व्यवस्था जस्तै त हुन्छ । २००७ सालको अन्तरिम शासन विधानले राजालाई राजनीतिक रुपले सक्रिय हुने कुनै आधार दिएको थिएन । तर नेपाली कांग्रेसको नेता, बीपी कोइरालाको राजनीतिक अप्रौढताले र अगम्भीरताले गर्दा राजाले संविधानलाई पन्छाएर सक्रिय हुने अवसर पाए ।

(क्रमश:)

जीवनको रङ

कथा

✍ **लक्ष्मी उप्रेती**

जीवनको रङ केलाउने क्रममा यसबेला म छरपस्ट भएकी छु । देखे जस्तो जीवन कसको नै पो हुँदोरहेछ र ? अभिनय गरेर भए पनि हाँस्नुपर्ने मानिसको बाध्यात्मक परिस्थिति देखेर कहिले कहीं अत्यास लाग्छ मलाई । मानिसको यस्तो कहालीलाग्दो नियति सम्झँदा अनेक तर्कहरू खनिन्छन् मनको अन्तरकुन्तरमा ।

खै, कहाँबाट सुरु गरौं उनले बिताएको दाम्पत्य जीवनको कथा र व्यथा । जुन जो कोहीलाई अपत्यारिलो र अस्वाभाविक लाग्न सक्छ । आडम्बरको जलपले सिँगारेर हामी सबैलाई भ्रममा राख्न सक्ने उनीहरूको सम्बन्ध त कस्तो रहस्यले भरिएको रहेछ । अभिनय गर्दै दिन बिताउनु पर्दा आहत भएकी रहिछिन् बिचरी नीलाक्षी । म आश्चर्यचकित भएकी छु उनले विगत सुनाउँदा ।

आज कुरा गर्न मन लागेको विषय समाजमा उदाहरणका रूपमा प्रस्तुत भएका दम्पति को हो । अनि पात्र हुन् मेरी मित्र नीलाक्षी अर्थात् म उनलाई भाउजू भनेर सम्बोधन गर्थें ।

उनका श्रीमान् समाजमा हितकारी काम गर्ने हामी सबैका मान्यजन व्यक्तित्व थिए । तर आफ्ले देखेका ती मान्यजन व्यक्तित्वले मेरी मित्र नीलाक्षीलाई दिएको मानसिक यातनाका यावत् कुरा सुन्दा म स्तब्ध भएँ ।

हरे, सबै मानिसको आचरण र स्वभाव देखे जस्तै असल भए आपसी सम्बन्ध कति सुन्दर हुने थियो ।

आजभन्दा बीसवर्ष पहिलेसम्म उनीहरूको जोडी सारै मिलेको देखिन्थ्यो । समाजमा उनीहरूको रवाफ, हाउभाउ र रहनसहन लगायत सम्पूर्ण व्यवहार उच्चकोटिको थियो । त्यसबेला नीलाक्षीको दिनचर्या नौलो र रहरलाग्दो देखिन्थ्यो । हामी उनको जीवन शैलीमा सधैं लोभिन्थ्यौं । तर अचानक आज नीलाक्षीसँगको भेटले गर्दा, त्यसबेलाकी नीलाक्षीलाई सम्झी साँच्चिकै म भित्रभित्रै दुःखी भएँ । मानिसको जीवनमा आआफ्नै पीडा, व्यथा, उम· र खुसीले भरिने जुलुसको लाम लाग्दोरहेछ ।

"बैनी श्रीमान् रसिक भएपछि श्रीमतीलाई सहन निकै गाह्रो पर्दोरहेछ ।" बर्सौं पछिको भेटमा नीलाक्षीले यो गम्भीर अर्थले भरिएको भाव आज मसँग व्यक्त गरिन् ।

झन्डै दशवर्षदेखि यता नीलाक्षी हामीबाट सम्पर्क विहीन् थिइन् । अचानक आफ्नो कर्मथलो भद्रपुरबाट पलायित भइन् । त्यसबेला भद्रपुरभरि नै अनेक चर्चा नभएको होइन । कसैले उनलाई नै दोष दिए भने केही मौन भएर स्वीकृत र अस्वीकृतको दोभानमा रहे ।

नीलाक्षीले यति सुन्दर जीवन किन त्यसरी बरबाद गरेकी होलिन् ? भन्ने मलाई पनि लाग्थ्यो । तर हामीले देखेको जस्तो उनको जीवन सुन्दर रैन रैछ । उनी त आम नेपाली नारी भन्दा धेरै पीडित, धेरै शोषित भएको कुरो आज उनले भनेर पो थाहा पाएँ ।

केही सरसामान किनमेल गर्नुपर्ने भएकाले आज बेलामा नै माइक्रो चढेर न्यूरोडतिर लागें । न्यूरोड माइक्रो स्टप अगाडि माइक्रो रोकिनासाथ भाडा तिरेर हस्याङ्फस्याङ गर्दै म आफ्नो गन्तव्यतिर लम्किंदै गर्दा अर्को माइक्रोबाट ओर्लिएकी एउटी महिलाले 'बैनी' भनेर कराएतिर म फर्किएँ । ती महिलाको मुस्कानले भरिएको अनुहारलाई एकैचोटि झट्ट अड्कल काट्न त सकिनँ तर पनि प्रत्युत्तरमा म पनि मुस्कुराउँदै प्रायः सबै सँग भन्ने वाक्य 'सन्चै छ' भन्दै औपचारिकताका लागि हात जोडें ।

उनको आवाज र अनुहारले विगतको झल्को त दियो । तर मैले सोच्न सकिनँ कि विगतका दिनमा इच्छा अनुसारका नयाँ-नयाँ मोडलका गाडी बदल्दै ठाँटिएर कसै न कसैलाई साथमा लिएर घुम्ने नीलाक्षी आज यसरी यस्तो रूप रङमा एक्लै माइक्रो चढेर यात्रा गर्छिन् ? उनलाई ठम्याउन गारो भएर पनि भलाकुसारी गर्ने इच्छा पलायो । अनि हामी मास्तिर पेटीमा उक्लियौं ।

पेटीभरि फिजाइएका किसिम किसिमका सामानहरू 'लौ आयो सस्तोमा, सस्तोमा मनपर्ने...। ...रूपिया मात्र लानुहोस् । सामान बिक्रीका लागि गरेको व्यापारीको कलापूर्ण आवाजसँगै मिसिएर 'मैतीदेवी, गौशाला, चाबहिल, नारायणथान, चक्रपथ.....गर्दै बिस्तारै गुड्दै रोकिंदै गरेको माइक्रो यात्रुहरूलाई आकर्षण गराउने खलासीको होहल्ला र वरिपरिको कोलाहल, मेलाको झल्को दिने परिवेश बनेको न्यूरोड माइक्रो स्टेन्ड, यातायात वाहनबाट छुटेको धुवाँ हुत्तिंदै, मडारिंदै, बिलाउँदै हराउने सफा आकाशतिर उडेको दृश्य, आकासेपुल, खाली पेटीमा मानिसको ओहोरदोहोर, सडकभरि तछाडमछाड गर्दै गुडेका धेरै आकार प्रकारका वाहनहरूको ध्वनि प्रदूषणले आक्रान्त पारेको परिस्थिति भएकाले अलि शान्त ठाउँमा एकछिन गफ गर्न हुन्थ्यो जस्तो लाग्यो । त्यसैबेला छेउछाउ हेर्दै 'बैनी, यत्रो वर्षपछि आज अचानक हाम्रो भेट यसरी हुँदा कस्तो खुसी लाग्यो । तपाईंलाई हतार छैन भने 'यो सपिङ्ग महलको क्याफेमा एक एक कप कफी पिउँदै एकछिन भए पनि कुरा गरौं न ल' उनले मेरो हात समात्दै हार्दिकताका साथ आग्रह गरिन् । त्यसपछि मैले चिनिहालें मेरो मनको आँखामा झल्को परेकी नीलाक्षीलाई । मेरो मनको इच्छा बुझे झैं गरेको उनको आग्रहलाई सहर्ष स्वीकार्दै हामी क्याफेतिर लाग्यौं ।

यत्रो वर्षपछि आज नीलाक्षीसँग यस्तो अवस्थामा भेट हुँदा म चकित भएँ ।

कफीको अडर गरेर कुर्ची तानेर आमने-सामने बस्यौं । एकैछिनमा हाम्रो टेबलमा दुई कप कफी आयो । अनि कफी पिउँदै नीलाक्षीसँग अफ्टेरो मान्दै मैले सोधें "अनी दाजु र छोरो शन्तनु नि.....।"

"बैनी यसबेला हामी आआफ्नै किसिमले बाँचेका छौं । सात वर्ष भयो मैले पनि दोस्रो बिहे गरें, दाइले पनि गर्नुभयो । दुई वर्षको नाति र बुहारीका साथमा शन्तनु लन्डनमा छ ।" पश्चतापरहित भावमा मुस्कुराउँदै आफ्नो जीवनको पर्दा एकैचोटि स्वाट्टै उघारिन् नीलाक्षीले ।

म अवाक् भएँ । क्याफेको ठूलो कोठाको भिडमा पनि सन्नाटा छाएको भान भयो एकछिन । त्यसबेला वरिपरि सूर्यको दीप्ति छरिएको थियो । म भने अँध्यारोमा गुजुल्टिए झैं भइरहें, भइरहें केही बोल्न सकिनँ ।

नीलाक्षीले यति सजिलो गरी भनिन् मानौं आफ्नो निर्णयप्रति उनी पूर्ण सन्तुष्ट छन् र खुसी पनि छन् ।

"कोसँग तपाईंले बिहे.....।" वाक्य पूरा गर्न नसकी म अड्किएँ ।

"काजी साहेबसँग १ तपाईंहरूको दाइ हुनेखाने जमिन्दार र सम्पन्न हुनुहुन्थ्यो उहाँलाई राजासाहेब भन्थे । अहिलेका श्रीमान् जागिरदार हुनुहुन्छ उहाँलाई काजी साहेब भन्छु ।" सजिलेसँग उनले आफ्नो जीवनको अर्को पन्ना पल्टाइन् ।

उनको यस्तो कुरा सुनेर मलाई भने सजिलो अफ्टेरो खै कस्तो कस्तो भयो ।

झ्याल बाहिर आकाशमा चराहरू कावा खाइ रहेको दृश्यमा आकर्षित नभई नीलाक्षीको अनुहारतिर नै मेरा आँखा फर्किए । उनी मुस्कुराइरहेकी थिइन् । उनको मुस्कानसँगै गालामा परेका खोपिल्टामा झन् सुहाँउँदिली देखिन थालिन् । सन्ताउन्न वर्षकी भइसक्दा पनि उनमा उक्तिकै आकर्षण थियो । पहिलाको जस्तो शृङ्गारपटार नगरेकी नीलाक्षीको मन प्रसन्न भएकाले होला काली काली हिसीपेरेको उनको अनुहारमा आभा छरिएको थियो ।

"तपाईंहरूको जोडी त समाजमा एउटा उदाहरणको रूपमा थियो नि, भाउजू । म पनि त लामो समयसम्म रहें तपाईंहरूको सम्पर्कमा । त्यसबेला तपाईंहरू बीच विमतिको आभास कहिल्यै पाइनँ । दाइका कार्यमा तपाईंको साथ प्रत्यक्ष देखिन्थ्यो । तपाईंहरू प्रायः सँगसँगै हिँड्नुहुन्थ्यो । सरसल्लाह, काम मिलेरै गरेको देखिन्थ्यो । कहिले तपाईंहरू दुःखी देखिनुहुन्नथ्यो । यस्तो कसरी भयो ?" अनौठो लागेर उत्सुकताका साथ प्रश्न गरें ।

"बैनी दुख देखाएर जीवन बाँच्नु भनेको पराधीन खुसीको अभिनय रच्नु रहेछ । मेरा विगतका स्मृतिहरूमा तिनै अभिनयका क्षणहरू मात्र छन् यसबेला ।

हरेक दिनको अभिनवसँगै आफ्ना कोठाबाट बाहिरिँदा 'दर्शन, मैसाब' भन्नेहरूको लाम हुन्थ्यो । तर म भने अँध्यारो पीडाले निचोरिएको कालो आँसुको दह मनमा छचल्काउँदै बगिरहन्थें । त्यसबेला हरेक क्षण मर्दै कुनै एक क्षण बाँच्नका लागि घिड्घिडाउँथे । मनैदेखि हाँसेर बाँच्दाको सुख मैले अनुभवसम्म गर्न पाएकी थिइनँ बैनी ती दिनहरूमा । निराशा नै निराशामा छटपटिन्थें, रून्थें एक्लै एक्लै । दाइबाट मुक्त भएपछि बल्ल आशाका सम्भावनाहरू सञ्चार भएका छन् मेरो जीवनमा" बोल्दा बोल्दै अवरुद्ध भइन् र लामो स्वास फेर्दै चुप लागिन् नीलाक्षी । उनको यस्तो कुराले मेरो आङ जिरिङ्ग-जिरिङ्ग भयो । मैले चुप लागेर कफी पिउँदै सुनिरहें उनलाई ।

एकछिन पछि थाहा नपाउने गरी रसाएका आँखा हातले पुछेर फेरि भन्न थालिन् "सबैका लागि दाइ, ठिक हुनुहुन्थ्यो । दाइको अरू सबै बानी अति राम्रो थियो । उहाँसँगको साथमा कहिल्यै कुनै अभावको सामना गर्नु परेन मैले । सम्पन्नताको प्राप्तिमा भन्दा विपन्नताको अभावमा नै बरु आनन्दले बाँच्न सकिंदो रहेछ यसबेला अनुभव गर्दै छु । बैनी, श्रीमान् रसिक हुँदा श्रीमतीलाई कस्तो पीडा हुन्छ, त्यो मैले तपाईंका दाइसँगको साथमा छँदा भोग्नसम्म भोगें ।' लामो श्वास लिदैं गालमा हात राखेर बोल्दा बोल्दै गरेकी उनी बन्द आवाजमा अँध्यारिइन् ।

बाहिर सडकमा गुडेका थरीथरीका गाडीहरू सलल बगेका छन् । हर्नको आवाज हावामा मिसिएर छिर्छ खुल्ला झ्यालबाट । एकछिन अगाडिको कञ्चन सफा निलो आकाशको काखमा धमिलो कुइरोले छोपिंदै गएको चेतना अलि अलि गर्दै फिक्का फिक्का अस्पष्ट रङ भरेर ढाकिंदै फैलंदै क्षितिज नौलो चित्र कोरिएको परिवेशमा सुसज्जति छ । टाढा टाढा जोडी पक्षीहरू उडिरहेको दृश्यले नीलाक्षीको प्रेमपूर्ण जीवनको एउटा सुन्दर चित्रको स्मृति मेरो मानसमा टाँगिंदै जान्छ । यो चकमन्नतालाई चिरेर फेरि बहकिन थाल्छिन् उनी-

"आपत्तिजनक अवस्थामा आफ्नो लोग्नेसँग समय बिताएका गाउँघरका छोरी चेलीलाई समेत अन्याय गरिनँ मैले । लोग्नेको इज्जत बचाउन र त्यस्ता केटीहरूको जीवन बरबाद नहोस् भन्ने सोचेर कस्ता कस्ता घटना ढाक छोप गरें पटक पटक । आफ्नो लोग्नेसँगको सम्बन्ध थाहा पाईपाई पनि त्यस्ता केटीहरूलाई पवित्र देखाउन उनीहरूको बिहेमा आफै अघि सरेर हृदयको दुःखी भाव बाहिर ननिकाली अभिनय प्रदर्शन गरें । यस्तो खाले अस्वाभाविक यातना कति पटक खपें तर अति भए पछि मानसिक यन्त्रणा सहेर तनाउको जीवन गुजार्नु भन्दा स्वतन्त्र भएर जीवन बाँच्नु नै दुवैका लागि ठिक भन्ठाने र यसो गरें ।"

कुनै असजिलो नमानी उनले आफ्नो कालो विगत एकचित्त भएर सुनाउँदा सुनाउँदै चिसो हुन लागेको कफी पानी पिए झैं घटघटी पिइन् र फेरि भन्न थालिन् आफ्नो विगत । "यसमा मलाई कुनै पछुतो छैन । कसैले केही पो भन्लान् कि भन्ने वास्ता पनि छैन् । हिजोको जस्तो चैन र सोखको सुख छैन, तर आजको अभाव स्वीकारेर पनि त्यो मर्मान्तक बन्धनबाट मुक्त भएकोमा म खुसी छु । मलाई यस जिन्दगीमा आनन्द र शान्ति प्राप्त भएकै छ । जे गरें ठिक गरें ।" नीलाक्षीले आफ्नो जीवन खुल्ला पुस्तक जस्तो गरेर मेरो उत्सुकताका आगनीमा एकछिनमा नै छर्ल· राखिन् । म अवाक भएर उनलाई सुनिरहें ।

"बैनी, अब हामी यहाँबाट निस्किऊँ । घरमा सासू मुमा एक्लै हुनुहुन्छ । फेरि ढिला भयो भने आत्तिनु हुन्छ । तपाईं कता जाने हो ? मेरो त इन्द्रचोकमा एकछिन काम छ । अब हामी भेट्दै गरौंला है ?" यसो भन्दै उनले फोन नम्बर माग्दा पो म झस्किएँ । अनि हामीले एक अर्काको फोन नम्बर आदान प्रदान गऱ्यौं र जुरुक्क उठेर हिँड्यौं । अलि परसम्म गफ गर्दै सँगसँगै गयौं । हाम्रो बाटो छुट्टिएपछि हामी आआफ्नै गन्तव्यतिर लाग्यौं ।

उनका यावत् कुरा सुनेपछि सुन्दर पहिरनमा सजिएर पनि नउज्यालिने बन्धनयुक्त आडम्बर जीवन बाँचेकी विगतकी नीलाक्षी र आजकी नीलाक्षीलाई मनमनै तुलना गरें अनि किनमेल गरेर घर फर्किंदा बाटाभरि उनलाई नै सम्झिरहें सम्झिरहें ।

बहुऔषधीय गुणले युक्त पालुंगोको साग

हरियो साग सबैभन्दा स्वस्थ्य खाद्य सामग्री मानिन्छ । बिरामी अवस्थामा समेत साग खानु स्वास्थ्यका लागि राम्रो मानिन्छ । सागमध्ये पनि पालुङ्गोको साग 'सुपरफुड' मानिन्छ । पालुङ्गोमा क्यालोरी थोरै भए पनि पोषक तत्व धेरै हुन्छ । पालुङ्गोको सागमा क्याल्सियम, म्याग्नेसियम र आइरन पाइन्छ । यसको नियमित सेवनले छाला, कपाल र हड्डी बलियो हुन्छ ।

पालुङ्गोमा पाइने भिटामिन ए ले स्वास प्रस्वासका बिरामीलाई राम्रो गर्छ । हरेक दिन सानो कचौराको एक कचौरा साग खाँदा इम्युनिटी पावर बढछ र शरीर फुर्तिलो हुन्छ ।

पालुङ्गोमा उच्च मात्रामा पोटाशियम पाइन्छ । ब्लड प्रेशर उच्च भएकाहरूलाई यसको सेवनले ब्लडप्रेशर सन्तुलनमा ल्याउन काम गर्छ । पोटाशियमले शरीरमा भएको सोडियमको मात्रा कम गराउन भुमिका खेल्छ ।

पालुङ्गोमा क्यालोरी थोरै भएपनि पोषक तत्व धेरै हुन्छ । पालुङ्गोको सागमा क्याल्सियम, म्याग्नेसियम र आइरन पाइन्छ । यसको नियमित सेवनले छाला, कपाल र हड्डी बलियो हुन्छ

पालुङ्गोमा हुने जक्सथिन र केरोटिनोडले शरीरमा हुने विकारयुक्त तत्वलाई बाहिर निकाल्न सघाउ पुर्याउछ । शरीरमा उत्पादन हुने रेडिकल्सले क्यान्सरको जन्मगराउन सक्छ । पालुङ्गोले ति तत्वलाई बाहिर निकालिदिन्छ ।

पालुङ्गोमा हुने भिटामिन 'के' हड्डीका लागि निकै राम्रो मानिन्छ । एक कचौरा पालुङ्गोमा २५० मिलिग्राम क्याल्सियम पाइन्छ । नियमित पालुङ्गो खाँदा दाँतको समस्या हुँदैन भने हड्डी भाँचिने सम्भावना पनि कम हुन्छ ।

पालुङ्गोमा पाइने एन्टिअक्सिडेन्ड आँखाका लागि निकै राम्रो मानिन्छ । मोतिबिन्दुलगायत आँखामा लाग्ने अन्य समस्या समाधानमा पनि पालुङ्गोले भुमिका खेल्छ । पालुङ्गोमा पाइने भिटामिन 'ए' ले आँखाको झिल्लीलाई मजबुत बनाउछ । आफ्नो शरीरको वजन घटाउन नियमित पालुङ्गो खानुपर्छ । यसमा क्यालोरी कम हुने र फाइबरको मात्रा बढी हुने भएकाले पनि मोटो मान्छेका लागि फलदायी हुन्छ ।

अटल सौभाग्यकी प्रतीक : पाथीभरा

पाथीभरा, अर्थात् धार्मिक आस्थाको धरोहर । यद्यपि त्यहाँ धार्मिक पर्यटकहरूको मात्र घुइँचो लाग्दैन, मनोरम प्रकृतिमा मग्न हुने अभिलाषा बोकेर पनि अनगिन्ती पाहुना त्यहाँ पुग्छन् । समुद्री सतहबाट ३ हजार ७ सय ९४ मिटर उचाइमा रहेको पाथीभरा मन्दिरमा लेक लाग्ने सम्भावना पनि उत्तिकै हुन्छ ।

पाथिभराले केवल धार्मिक आस्था र विश्वासलाई मात्र समेटेर उभिएको छैन, पूर्वको पर्यटनलाई पनि टेवा पुऱ्याइरहेको छ ।

यतिबेला पाथीभरामा केही सेवा सुविधा थपिएका छन् । ६ वर्षअघि अहिले जस्तो बाटो व्यवस्थित थिएन । ठाउँ-ठाउँमा थकाइ मार्ने चौतारी थिएनन् । हिउँ परेको बखत ओत लाग्ने स्थान थिएन । अहिले यी सम्पूर्ण सुविधा थपिएका छन् ।

हिन्दु धर्मावलम्बीहरूको एउटा महत्वपूर्ण मनोकांक्षा हो, पाथीभरा मन्दिरको दर्शन । आसपासमा हिमाल, बीचमा थुम्को । चुलीसम्म भरिएको पाथीजस्तै डाँडा भएकाले पनि यसलाई पाथीभरा भनिएको हुनुपर्छ ।

पाथी जस्तै थुम्कोमा रहेको पाथीभरा मन्दिर पुग्न सजिलोचाहिँ छैन । जो पाँच घण्टा उकालो हिँडेर मन्दिरमा पुग्छ, उसले बास बस्न पुनः फेदीमै ओर्लिनुपर्छ । त्यही भएर पनि पाथीभरा मन्दिर पुग्न सोचे जस्तो सजिलो छैन ।

पूर्वको ताप्लेजुङ्गमा रहेको पाथीभरा मन्दिर नेपालमा मात्र होइन, छिमेकी मुलुक भारतमा पनि चर्चित छ । यो मन्दिरमा बर्सेनि नेपाल तथा भारतबाट एक लाख बढी भक्तजनहरू दर्शन गर्न आउँछन् ।

पाथीभरा मन्दिर पुस माघमा हिउँले सेताम्य हुन्छ भने अन्य समयमा पनि मौसम चिसो नै हुने गर्दछ ।

पाथिभराको थुम्कोबाट हिम शृंखलाको दृश्य अत्यन्त मनमोहक देखिन्छ । यस्तो लग्छ, मानौं हातैल हिमाल छुन सकिन्छ ।

मन्दिर परिसरबाट विश्वको तेस्रो अग्लो हिमाल आँखै अगाडि देख्न पाइन्छ । विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो कञ्चनजंघा हिमाल आँखै अगाडि देख्न मात्र होइन, यहाँबाट कुम्भकर्ण हिमाल पनि देख्न सकिन्छ । यसका साथै मन्दिर परिसरबाट ८ हजार मिटरभन्दा अग्लो अर्को हिमाल पनि देख्न सकिन्छ । यो समय मौसम सफा हुने भएकाले पनि हिमाल हेर्नलाई उपयुक्त मौसम मानिन्छ । पाथीभरा मन्दिर परिसरबाट एक सय ८० डिग्रीमा हिमाल हेर्न सकिन्छ ।

पाथीभरा मन्दिरमा सबैभन्दा ठूलो समस्या भनेको पानी हो । मन्दिर परिसरमा पानीको स्रोत नहुँदा भक्तजन तथा मन्दिरका पूजारी लगायत सुरक्षाकर्मीलाई समस्या छ । मन्दिर परिसरबाट तीन किलोमिटर तल रहेको काफ्लेपाटीबाट पानी ल्याउनुपर्ने बाध्यता छ ।

पाथीभरा देवीको उत्पतिसम्बन्धी थुप्रै किम्बदन्ती तथा जनश्रुति छन् । परापूर्वकालमा पाथीभरा आसपासका गोठालाहरूले आफ्नो भँडीगोठ पाथीभरामा राखेका थिए । एकदिन अचानक अप्रत्यासित ढंगले देख्दादेख्दै ती गोठका बथानका बथान भँडाहरू अलप भए । त्यस्तो अकल्पनीय घटनाले स्तब्ध भएका गोठालाहरूलाई रातमा देवीले दर्शन दिइन् । आफ्नो उत्पत्तिस्थल र आकृतिको बोध गराउँदै, भेडा बलिसहित पूजा अर्चना गर्ने निर्देशन दिइन् ।

आत्मबोध प्राप्त गोठालाहरूले देवीको आकृति उत्पन्न स्थलमा भक्तिभावपूर्वक पूजा अर्चना गरी सबैभन्दा हृष्टपुष्ट भँडाको थुम्बा बलि दिए । बलि के दिएका थिए ती हराएका सयकडौं भँडाहरू जस्ताको तस्तै पहिलाकै ठाउँमा देखा परे । त्योभन्दा आश्चर्यको कुरा, बलि दिएको भेडाको रगत बलिस्थलमा झर्नासाथ बालुवामा पानी हराएझैं हराउन पुग्यो । यो देखेर हर्ष एवं आश्चर्य मान्दै गोठालाहरूले देवीको जय जयकार गरे ।

पाथीभरा देवीको निम्ति पशु बलि अनिवार्य नभए पनि बलि चढाउनु अति उत्तम मानिन्छ । काटमार नगर्नेहरू देवीलाई स्वादिष्ट फलफूल तथा मिठाईको भोग चढाउँछन् । पाथीभरा देवीलाई अटल शौभाग्यकी प्रतिकको रूपमा मानिन्छ । त्यसैले सबै किसिमका श्रद्धालु भक्तजनहरूले देवीलाई सौन्दर्य प्रशाधनका सामग्री जस्तै सिन्दुर, टीका, गाजल, काँगियो आदि पनि अनिवार्य रूपमा चढाउने गर्दछन् ।

काठमाडौंदेखि सुकेटारसम्म हवाईजहाज अथवा ताप्लेजुङ सदरमुकाम फुङलिङसम्म बसमा जान सकिन्छ । ताप्लेजुङको फुङलिङ बजारबाट पाथीभरा मन्दिर १९ दशमलव ४ किलोमिटरको दुरीमा छ । फेदीबाट ५ घण्टाको उकालो चढेर मन्दिरमा पुगिन्छ ।

सन् २०२० विनाशकारी वर्ष

विष्णु भट्टराई

सन् २०२० आजबाट अनेकौं सम्झन र बिर्सन लायक घटना परिघटनाहरू छोडेर बिदा भएको छ र सन् २०२१ को आरम्भ भएको छ। गत वर्ष डिसेम्बर ३१ मा चीनको हुबेई प्रान्तको बुहानमा देखिएको कोरोना भाइरस (कोभिड-१९) ले सन् २०२० लाई आफ्नो सिकन्जामा कस्यो। सुरुमा बुहानमा देखिएको यो भाइरसले महाव्याधीको स्वरुप लिँदै विश्वलाई नै आतंकित बनायो। कोरोना महामारीको सबभन्दा भयावह रुप विश्व महाशक्ति राष्ट्र अमेरिकामा देखियो। इटाली, फ्रान्स, बेलायत, जर्मनी, स्पेनजस्ता शक्तिशाली युरोपेली देशहरूलाई कोरोनाले हायलकायल बनायो। एसिया, ल्याटिन अमेरिका, दक्षिण अफ्रिका, अष्ट्रेलिया सबै क्षेत्र कोरोना महामारीको चपेटामा परे।

चीनले बरु तीन महिना पुग्दा नपुग्दै

यसलाई धेरै हदसम्म नियन्त्रण गरेर आफ्नो अर्थतन्त्र र समाजलाई सक्रिय बनाउन सक्यो। बाँकी विश्व अहिले पनि कोरोना महामारीसँग जुधिरहेको छ। संयुक्त राज्य अमेरिकामा मात्रै ३ लाख ३८ हजारभन्दा बढीको ज्यान गएको छ। विश्वभर मृत्यु हुने मानिसको संख्या झन्डै १८ लाख हाराहारी पुगेको छ। नेपालमा अहिलेसम्म दुई लाख ६० हजार बढी संक्रमित भएका छन् भने १८ सय बढीको ज्यान गइसकेको छ। कोरोनाको परीक्षण दर कम भएसँगै संक्रमितको संख्यामा कमी देखिएको छ तर मृत्युदर बढिरहेकाले कोरोना कहर नसकिएको देखिएको छ।

यतिबेला युरोप कोभिडको दोस्रो चरणको सामना गरिरहेको छ। बेलायतमा देखापरेको फरक प्रजातिको सक्रिय भाइरसले सन् २०२१ लाई संत्रासमय बनाएको छ। यो रोगसँग जुध्ने कुनै औषधि या भ्याक्सिन नभएका कारण विश्वभरका सबैजसो सरकारले व्यक्ति व्यक्तिबीचको भौतिक दूरीलाई नियन्त्रण गर्ने गरी कडा खालका लकडाउनका नीति अख्तियार गरे। यसले विश्वभरको अर्थतन्त्रलाई गम्भीर धक्का दियो। धनी देशले लकडाउनमा पनि आफ्ना नागरिकलाई भोकै मर्न नपरोस् भनेर राहतका प्याकेजहरू दिए। तर गरिब देशका नागरिक भने भोकमरी र सरकारी बेवास्ताको सिकार भए। नेपाल र भारतका विभिन्न ग्रामीण क्षेत्रबाट जीविकाको खोजीमा सहर पसेकाहरूले लकडाउनमा सानो दुःख पाएनन्। चैत वैशाखको टण्टलापुर घाममा पसिनाले निथुक्क भिज्दै सयौं किलोमिटर पैदल हिँडेर गाउँफर्केका हृदयविदारक दृश्यहरू अझै मानसपटलमा ताजै छन्, त्यसले विकासको अविवेकी असमानताको पोल खोलिदिएको छ। अहिले बेलायतमा देखिएको नयाँ प्रजातिको कोभिड भाइरस भारतसम्म आइपुगेको छ। यसले फेरि सन् २०२१ लाई संक्रमित वर्ष बनाउने हो कि भन्ने त्रास आम मानिसले गर्न थालेका छन्।

सन् २०२० मा ५० पत्रकारको हत्या

सन् २०२० मा विश्वभरि ५० जना पत्रकार एवं सञ्चारकर्मीको हत्या भएको छ। रिपोर्टर्स विथाउट बोर्डर्सले मंगलबार वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै हत्याका अधिकांश घटना द्वन्द्वग्रस्त मुलुकमा भएको उल्लेख गरेको छ।

प्रतिवेदनले अपराध, भ्रष्टाचार, वातावरणलगायतका विषयमा खोजमूलक समाचार लेख्ने पत्रकारहरू बढी प्रभावित भएको औंल्याएको छ। हत्याका घटना विशेष गरेर मेक्सिको, भारत र पाकिस्तानमा भएको भन्दै त्यहाँका घटनाबारे धेरै चर्चा प्रतिवेदनमा गरिएको छ।

पत्रकार हत्यासम्बन्धी घटनामध्ये ८४ प्रतिशत घटना नियोजित र योजनाबद्ध भएको प्रतिवेदनमा उल्लेख छ। जब कि गत वर्ष सन् २०१९ मा यस्ता घटना ६३ प्रतिशत मात्रै रहेको बोर्डर्सले जनाएको छ। 'यस संस्थाले लामो समयदेखि वार्षिक रूपमा यस्तो अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ, तर यस्तो अवस्था कमै मात्रै देखिएको थियो,' रिपोटर्स विथाउट बोडर्सका प्रधान सम्पादक पौलिन अडेस मेभेलले भने।

सबैभन्दा धेरै पत्रकारको हत्या मेक्सिकोमा भएको छ। मेक्सिकोमा आठजना पत्रकारको हत्या भएको प्रतिवेदनमा उल्लेख छ। उनीहरूको हत्या विशेष गरेर लागुऔषध ओसारपसार र राजनीतिक घटनासँग सम्बन्धित भएर गरिएको उनले जानकारी दिए। मेक्सिकोमा भएको हत्यामा संलग्नमध्ये कसैलाई कारबाही भएको छैन।

अफगानिस्तानमा द्वन्द्वका क्रममा पाँच पत्रकारको हत्या भएको छ। शान्तिवार्ताको प्रयास भइरहे पनि अफगानिस्तानमा लामो समयदेखिको द्वन्द्व अझै कायमै छ।

विश्वभरि अघिल्लो वर्ष सन् २०१९ मा ५३ पत्रकारको हत्या भएको थियो। त्यसअनुसार यस वर्षको संख्या भने कम भएको हो। कोरोना भाइरसको महामारीका कारण हिंसात्मक घटना कम भएको, पत्रकारहरू कार्यक्षेत्रमा कम गएकोलगायतका कारणले कमी आएको हुन सक्ने बोर्डर्सले जनाएको छ।

ट्रम्पद्वारा नौ खर्ब डलरको राहत प्याकेज विधेयकमा हस्ताक्षर

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नौ खर्ब डलरको राहत प्याकेजसम्बन्धी एक विधेयकमा आइतबार हस्ताक्षर गरेका छन्। एक साताअघि नै संसद्ले विधेयक पारित गरे पनि राष्ट्रपति ट्रम्पले विधेयकमा रहेका प्रावधानमा असहमति जनाउँदै हस्ताक्षर गर्न ढिलाइ गरेका हुन्।

रिपब्लिकन र डेमोक्रेट दुवै दलको सहमतिमा पारित भएको विधेयक स्वीकृत नभएपछि दुवै दलले राष्ट्रपतिमाथि दबाब दिएका थिए। कोभिड- १९ संकटको सामना गरिरहेका अमेरिकी नागरिक र व्यवसायीलाई मद्दत गर्न ल्याइएको उक्त विधेयक दोस्रो हो। यसअघि झन्डै २२ खर्ब डलरको राहत प्याकेज वितरण गरिएको थियो।

पछिल्लो विधेयक स्वीकृत गरेसँगै अमेरिकी संघीय कार्यालयहरू बन्द हुने खतरा तत्कालका लागि टरेको छ। उक्त विधेयक राष्ट्रपतिबाट स्वीकृत नभएको अवस्थामा यही मंगलबारदेखि कैयौं अमेरिकी संघीय कार्यालयहरू बन्द हुने थिए।

फ्लोरिडास्थित आफ्नो मार-ए-लागो रिसोर्टमा क्रिसमसको छुट्टी मनाइरहेका राष्ट्रपति ट्रम्पले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'मैले यो विधेयकमा हस्ताक्षर गरिदिएको छु। यसबाट बेरोजगारी भत्ता, साना व्यवसायका लागि घरभाडा, व्यक्तिगत खातामा नगद सहयोग, हवाई सेवाका कर्मचारीलाई पुनः काममा फर्कन, खोप वितरणका लागि थप रकमको व्यवस्था गर्न मद्दत गर्नेछ।'

अमेरिकाका नयाँ निर्वाचित राष्ट्रपति जो बाइडेनले समेत दुवै सदनद्वारा पारित आमसहमतिको विधेयक तत्काल स्वीकृत गर्न राष्ट्रपति ट्रम्पसमक्ष आग्रह गरेका थिए।

त्यस्तै रिपब्लिकन सिनेटर मिट रम्नीले पनि राष्ट्रपति ट्रम्पले विधेयकमा हस्ताक्षर गरेकामा निकै खुसी भएको बताएका छन्। ट्विट गर्दै सिनेटर रम्नीले विधेयक स्वीकृत भएसँगै अमेरिकी श्रमिक, परिवार र साना व्यवसायीले निकै राहत महसुस गर्ने बताए। यसअघि आइतबार उनले राष्ट्रपति ट्रम्पमाथि विधेयक तत्काल स्वीकृत गर्न वा भिटो प्रयोग गर्न चेतावनी दिएका थिए।

राष्ट्रपति ट्रम्पले विधेयक स्वीकृत गर्ने क्रममा प्रत्येक अमेरिकी परिवारका लागि हाल प्रस्तावित ६ सय अमेरिकी डलरको साटो १८ सय डलर दिनुपर्ने पूर्वअडान यथावत् रहेको दोहोर्‍याका थिए। उनले असम्बन्धित कार्यक्रममा राहत प्याकेजको रकम खर्च हुन लागेको जिकिर पनि गरेका थिए।

इजरायलमा संसद् विघटन, दुई वर्षमा चौथोपटक निर्वाचन

प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको सत्तारुढ गठबन्धन सरकारले संसद् विघटन गरेको छ। संसद्ले समयसीमामा बजेट पारित गर्न नसकेपछि संसद् भंग गरिएको हो। मंगलबार संसद् भंग भएपछि देशमा दुई वर्षभित्र चौथोपटक चुनाव हुने भएको छ।

सम्भवतः अर्को वर्ष सन् ०२१ को २३ मार्चमा चुनाव हुने सिएनएनले जानकारी दिएको छ। नेतन्याहू र उनका प्रतिद्वन्द्वी रक्षामन्त्री बेनी गान्ट्जको नेतृत्वको गठबन्धनले सन् ०२० को बजेट स्वीकृत गर्न मध्यरातको म्याद गुमाएपछि संसद्को स्वतः भंगलाई बाध्य तुल्याएको थियो। प्रधानमन्त्री बेन्जामिन नेतन्याहू र उनको गठबन्धनका सांसदहरूले सरकारको पतनका लागि एक-अर्कालाई दोष दिएका छन्।

कोरोना भाइरसको यो महामारी चलिरहेको अवस्थामा नेतन्याहूलाई पुनः चुनावका लागि बाध्य हुनुपर्ने अवस्था रहेको छ। नेतन्याहूमाथि लामो समयदेखि पर्खाइमा रहेको भ्रष्टाचारको मुद्दा झनै तीव्र हुँदै गइरहेको छ।

नेतन्याहूको दक्षिणपन्थी लिकुड र गान्ट्जको ब्लु एन्ड ह्वाइट पार्टीको नेतृत्वमा रहेको गठबन्धनले सन् ०२० को बजेट पारित गर्न मध्यरातसम्म प्रयास गरे पनि सफल हुन सकेको थिएन।

अमेरिकाको राष्ट्रपतिमा बाइडेन विजयी

काठमाडौं। अमेरिकी इलेक्टोरल कलेजका सदस्यहरूले राष्ट्रपति चुनावमा जो बाइडेनको जित भएको पुष्टि गरेका छन्। योसँगै अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएका जो बाइडेनको जितले औपचारिकता पाएको छ। अब बाइडेनको जितले आधिकारिकता पाएको बीबीसीले जनाएको छ। गएको नोभेम्बर ३ मा भएको चुनावमा बाइडेनले ३०६ इलेक्टोरल कलेज मत पाएका थिए। वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले २३२ इलेक्टोरल कलेज मत पाएका थिए।

अमेरिकी प्रणाली अनुसार इलेक्टोलर कलेज सदस्यहरूले राष्ट्रपतिका लागि मत दिन्छन्। राष्ट्रपति ट्रम्पले भने चुनावी परिणाम स्वीकार गरेका छैनन्। उनले चुनावमा धाँधली भएको आरोप लगाउँदै आएका छन्। तर अदालतले

यो आरोपमा कुनै सत्यता नभएको भन्दै उनको उजुरी खारेज गरिदिएको छ। राष्ट्रपतिमा निर्वाचित बाइडेनले अब आउँदो जनवरी २० तारिखमा राष्ट्रपतिको शपथ लिनेछन्।

युरोपेली मुलुकहरूमा खोप अभियान शुरु

युरोपेली युनियनमा आबद्ध मुलुकहरूमा आइतबारदेखि एकसाथ कोभिड(१९ विरुद्धको खोप अभियान शुरु गरेको छ। युरोपका केही मुलुकमा कोरोना भाइरसको नयाँ स्वरुप देखिएकै अवस्थामा अति जोखिममा रहेका मानिसलाई पहिलो प्राथमिकता दिई खोप लगाउने तयारी गरिएको छ।

फाइजर-बायोएनटेकले विकास गरेको खोप कोभिड(१९ बाट सर्वाधिक प्रभाव परेका इटाली, स्पेन र फ्रान्समा शनिबार पहिलो डोजका लागि खोप आइपुगेको छ। पहिलो चरणमा यो खोप वृद्धवृद्धा र उनीहरूको हेरचाहमा खटिने व्यक्तिहरूलाई दिइने जनाइएको छ।

कोरोना भाइरसको खोपका कारण सन् २०२१ मा नयाँ आशाको किरण देखिएको छ। गत वर्ष चीनमा पहिलो पटक देखिएको कोरोना भाइरसको संक्रमणबाट विश्वभर हालसम्म १७ लाखभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

यसैबीच, विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम घेब्रेससले कोभिड(१९ महामारीबाट नयाँ पाठ सिक्नुपर्नेमा जोड दिएका छन्। महामारी पूर्वतयारी सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा भिडियो सन्देश जारी गर्दै टेड्रोसले मानिस र पशुपक्षीबीचको नाजूक सम्बन्धका बारेमा मानव समुदायले बढी सचेतता अपनाउनुपर्ने तथा जलवायु परिवर्तनका खतराका कारण मानवका लागि पृथ्वी बस्नयोग्य बनाउनेतर्फ ध्यान दिनुपर्ने बताए।

जर्मनीमा १०१ वर्षीया वृद्धालाई शनिबार कोभिड-१९ विरुद्धको खोप दिइएको छ। जर्मनीका स्वास्थ्य मन्त्रीले त्यस अवसरमा खोपलाई आशाको दिनको रुपमा हेरिएको बताए।

हंगेरी र स्लोभाकियामा पनि खोप दिन थालिएको छ। हाल रुस, चीन, बेलायत, क्यानाडा, संयुक्तराज्य अमेरिका, स्वीट् जरल्यान्ड, सर्बिया, सिंगापुर र साउदी अरेबियामा पनि खोप अभियान शुरु भइसकेका छन्।

इटालीका विदेश मन्त्री लुइगी डि मायोले आमजनतालाई कोभिड(१९ को खोप लिन आह्वान गरेका छन्। तर जनमत सर्वेक्षणमा करिब ५७ प्रतिशत जनताले मात्र खोप लिन चाहेको देखाइएको छ। वैज्ञानिकहरूले ७५ देखि ८० प्रतिशतले खोप लगाए मात्र हुर्ड इम्युनिटी विकास हुने अनुमान गरेका छन्। कोरोना भाइरस फैलिएको भन्दै इजरायलले आइतबारदेखि लागू हुनेगरी दुई साताको लकडाउन गरेको छ भने फ्रान्सका स्वास्थ्य मन्त्रीले पनि क्रिसमस पछि कोरोना फैलिने आशंकामा लकडाउन गर्ने योजना बनाइएको जानकारी दिए।

बेलायतमा देखिएको कोरोना भाइरसको नयाँ स्वरुप र युरोपदेखि जापानसम्म यो भाइरस पुगेको भन्दै तनावको वातावरण सिर्जना भएको छ।

कोरोना भाइरसको नयाँ संस्करण म्याड्रिडमा शनिबार चार जनामा भेटिएको छ, तर उनीहरू गम्भीर बिरामी नभएको स्पेनी स्वास्थ्य अधिकारी एन्टोनियो जापाटेरोले बताए।

सलह आतंक

सन् २०२० को जुलाईमा दक्षिण एसियाका भारत र पाकिस्तानमा सलहले आतंक सिर्जना गऱ्यो। खासगरी इरानबाट पाकिस्तान हुँदै भारत पसेका सलहको झुन्डले लाखौं हेक्टरको बालीनाली नष्ट पारेको बताइएको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार सहलका कारण भारतका आधा दर्जन राज्य निकै प्रभावित भएका थिए।

भारतमा किसान आन्दोलन

सलहको मारमा परेका किसानहरूले सरकारले ल्याएका कानुनका कारण थप पीडित भएको बताउँदै आएका छन्। मोदी सरकारले ल्याएका कृषि उत्पादन, वाणिज्य तथा व्यापार प्रोत्साहन र प्रबर्द्धन ऐन २०२०, किसान सशक्तीकरण र संरक्षण सम्झौताका लागि मूल्यबिमा र कृषि सेवा ऐन २०२० र अति आवश्यकीय वस्तुहरूको संशोधित ऐन २०२० ले उद्योगी व्यवसायीहरूलाई खुसी पार्न खोजेको किसानको आरोप छ। ती कानुनहरू भारतको दुवै सदनबाट हालै पारित भएका थिए। नयाँ कानुनले दर्ता भएका मण्डी बाहिर पनि कृषकहरूले सामग्री आफूखुसी बेच्न पाउनुपर्ने व्यवस्था गरेको छ।

(एजेन्सीको सहयोगमा)

सन् २०२० का महत्वपूर्ण घटनाहरू

जनवरी १ :	अष्ट्रेलियाको न्यु साउथवेल्स राज्यमा डढेलो फैलिएपछि संकटकाल घोषणा
जनवरी ३ :	इरानी रेभ्युलुसनरी गार्ड कर्प्सका कमान्डर कासिम सुलेमानीको इराकको राजधानी बग्दादमा अमेरिकी डोन आक्रमणमा मृत्यु
जनवरी १३ :	पाकिस्तानको उत्तरपूर्वी क्षेत्रमा गएको हिमपहिरोका कारण १०७ जनाको मृत्यु
जनवरी १७ :	अमेरिकी राष्ट्रपति विरुद्ध गरिएको महाअभियोग प्रस्तावमाथि औपचारिक सुनुवाई
जनवरी २१ :	केट्रिना सकेला रोपौलु ग्रिसको पहिलो महिला राष्ट्रपतिमा निर्वाचित
जनवरी ३१ :	सन् २०१६ मा भएको जनमतसंग्रहको आदेश र ३ प्रधानमन्त्रीको कसरतपछि बेलायत युरोपेली संघबाट अलग।
फेब्रुअरी ९ :	चुनाव भएको ५ महिनापछि अफगानिस्तानको राष्ट्रपतिमा असरफघानी निर्वाचित भएको घोषणा।
मे २० :	भारत र बंगलादेशको तटीय क्षेत्रमा आएको अम्फान चक्रवातका कारण ८० हजार बढीको मृत्यु
मे २५ :	प्रहरीको गोलीबाट अफ्रिकी मुलुकका अमेरिकी नागरिक जर्ज फ्लुडको मृत्यु भएपछि रंगभेद विरुद्ध अमेरिका र युरोपमा व्यापक प्रदर्शन
जुलाई ७ :	अमेरिकाद्वारा विश्व स्वास्थ्य संगठन अलग हुने औपचारिक जानकारी।
अगस्ट ४ :	लेबनानको बेरुतमा भएको विस्फोटमा १७५ जनाको मृत्यु ५ हजार बढी घाइते
अगस्ट ९ :	बेलारुसमा राष्ट्रपतिमा अलेक्जेन्डर लुकान्सेनको विजयी भएको घोषणापछि विरोध प्रदर्शन
अगस्ट २० :	रुसी राष्ट्रपति पुटिनका कट्टर आलोचक विपक्षी नेता अलेक्सी नाभाल्नी शंकास्पद विष आक्रमणपछि गम्भीर बिरामी।
अगस्ट २८ :	जापानी प्रधानमन्त्री सिन्जो आवेद्वारा पद त्याग्ने घोषणा। यो सि हिडे सुगा प्रधानमन्त्री निर्वाचित।
अगस्ट ३१ :	इजरायल र संयुक्त अरब इमिरेट्सबीच संयुक्त हवाई उडान सुरु।
अक्टोबर १७ :	न्युजील्यान्डकी प्रधानमन्त्री जसिन्डा आर्डन दोस्रो कार्यकालका लागि निर्वाचित
नोभेम्बर ११ :	फिलिपिन्समा भएको आँधीका कारण ७३ जनाको मृत्यु
डिसेम्बर ११ :	हडकडका सञ्चारउद्यमी जिम्मीलाई राष्ट्रिय सुरक्षा विरुद्ध कार्य गरेकोमा दोषी ठहर।
डिसेम्बर २४ :	बे लायत सरकार र युरोपेली संघबीच ब्रेक्जिटपछिको व्यापार विषयमा सहमति।

एजेन्सीहरूको सहयोगमा

प्रेरक

खतरा मोल्दा सफलता

सन् २००४ मा मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए । उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए । हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए । यो वेबसाइट क्यामरोन र टाइलर विंकलवस नामका दुई दाजुभाइले बनाएका थिए । यो वेबसाइट देखेपछि जुकरबर्गको मनमा यस्तै केही गर्न सके हुन्थ्यो भन्ने लाग्यो ।

धेरै सोचेपछि उनको मनमा फेसबुक बनाउने विचार फुऱ्यो । फेसबुक त बनाउने, तर कसरी ? कोसित मिलेर वा कसको सहयोगमा बनाउने ? उनी बडो असमञ्जसमा परे । त्यतिखेर उनीसित दुईवटा बाटा थिए । एउटा निकै सजिलो थियो । उनले तिनै विंकलवस दाजुभाइसित मिलेर बडो आरामसित बसीबसी फेसबुक बनाउन सक्थे । विंकलवस दाजुभाइले पनि उनको विचार पक्कै मन पराउने नै थिए । र, उनीहरू जुकरबर्गसित मिलेर काम गर्न पनि तयार हुने थिए । यसबाट जुकरबर्गले निकै कम समयमा फेसबुक बनाउन सक्ने थिए ।

तर, जुकरबर्गले यस्तो केही गरेनन् र यो सजिलो बाटो हिँड्ने विचार त्यागिदिए । उनले त फेसबुक बनाउने कठिन बाटोको यात्रा रोजे । उनले यस योजनामा एक्लै काम गर्ने विचार गरे । किनकि, उनलाई राम्ररी थाहा थियो कि उसले सजिलो बाटोबाट काम गर्दा विंकलवस दाजुभाइसित निकै समस्या उत्पन्न हुनेछन् र आफ्नो योजनाअनुसार काम अघि बढ्न, सम्पन्न हुन र त्यसबाट मुनाफा आर्जन गर्न निकै कठिन हुनेछ । साँच्चै जुकरबर्गले दोस्रो कठिन बाटो हिँड्न छाडेर पहिलो सरल बाटो रोजेका थिए भने आज उनी यो स्थानमा हुने थिएनन् । आज, उनीसित फेसबुककै कारण ६० अर्ब डलरभन्दा बढी सम्पत्ति छ ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। व्यवसायमा अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ। सेवामूलक कामबाट सामान्य उपलब्धि प्राप्त हुनेछ। ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला।

वृष

मिहिनेतले मानसम्मान दिलाउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सहयोगीहरूले साथ दिने हुँदा रोकिएका काम पनि सम्पादन हुनेछन्। लगनशीलताले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ।

मिथुन

साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

कर्कट

छर-छिमेकमा केही असमझदारी देखिए पनि टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। खर्च लागे पनि दिगो काम प्रारम्भ हुनेछ। चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने वैदेशिक क्षेत्रबाट लाभ मिल्नेछ । स्वास्थ्यमा ख्याल गर्नुपर्नेछ ।

सिंह

केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। उद्योग र व्यापारमा पनि कम मात्र फाइदा हुनेछ। समय लागे पनि विगतका कर्मको उचित फल प्राप्त हुनेछ। तर आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। पुरानो समस्याले सञ्चित रकम खर्च गराउन सक्छ। चल(अचल धनको उपयोगबाट आंशिक फाइदा उठाउन सकिनेछ।

कन्या

सामाजिक उत्तरदायित्व वहन गर्दै लाभदायक जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ।

तुला

मिहिनेतले नयाँ जिम्मेवारी दिलाउनेछ। तारिफयोग्य कामको चर्चा हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। तर आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। अरूकै लागि बुद्धि र समय खर्चनुपर्ला। सामाजिक उत्तरदायित्व प्राप्त भए पनि लक्ष्यमा पुग्न समय लाग्नेछ। परिस्थितिवश चिताएको काम बीचमा रोकिन सक्छ।

वृश्चिक

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। स्वास्थ्यसम्बन्धी चिन्ताले पनि सताउनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन्। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला।

धनु

पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ। बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ। तर अधैर्य व्यवहारले आत्मसम्मानमा बाधा पुर्याउनेछ।

मकर

परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। केही चुनौती देखिए पनि शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न समय लागे पनि फाइदा हुने काम हातलागी हुनेछ।

कुम्भ

अस्वस्थताका बावजुद कामको जिम्मेवारी बढ्नेछ। नयाँ काम थाल्न केही समय पर्खनुपर्ला। गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। पछाडिबाट अवरोध पुर्याउनेहरू सक्रिय रहे पनि शुभचिन्तकहरूले साथ दिने हुँदा काम बन्नेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

मीन

केही समय लागे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। साथीभाइले साथ दिनेछन्। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। मान्यजनको साथ सहयोग जुट्नेछ। रोकिएको काम गर्न सकिनेछ। तर बेसुरमा वचन दिनाले दुःख पाइनेछ। साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ।

समाचार संक्षेप

सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु

काठमाडौं । तनहुँ, घिरिङ गाउँपालिका-५ देउरालीस्थित सडकमा ग.२ त ८६३४ नम्बरको ट्याक्टर अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा ट्याक्टरमा सवार बझाङ घर भएका २३ वर्षीय हेमन्त पातलीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिपि कोईराला स्वास प्रस्वास उपचार केन्द्र बेलचौतारामा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य ४ जनाको सोही अस्पताल हुँदै थप उपचारको लागि मणिपाल अस्पताल पोखरा रिफर गरिएको छ भने अन्य २ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिरहा, लहान नगरपालिका-३ स्थित सडकमा स.६ प ७२९९ नम्बरको मोटरसाइकल र स.११ प २४०२ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई सोमबार राति दुर्घटना हुँदा स.११ प २४०२ नम्बरको मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १५ वर्षीया संगिता महतोको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएकी संगिताको फ्रेण्डस मोडेल अस्पताल लहान हुँदै थप उपचारको क्रममा विराटनगरमा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकल चालकको फ्रेण्डस मोडेल अस्पतालमा उपचार भइरहेको छ ।

मोरङ, पथरी शनिश्चरे नगरपालिका-२ हरियाली सामुदायिक वन नजिक सडकमा को.१ च ९९४५ नम्बरको स्कारपियो र हाल नम्बर नखुलेको मोटरसाइकल एकआपसमा ठक्कर खाई सोमबार दिउँसो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा मोटरसाइकलमा सवार मिक्लाजुङ नगरपालिका-४ बस्ने सन्तोष लिम्बु र सोही ठाउँ बस्ने २६ वर्षीय सुनिल धमला रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका धमलालाई उपचारको लागि मंगलबारे अस्पतालतर्फ लैजाने क्रममा बाटैमै मृत्यु भएको हो भने लिम्बुको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने मोटरसाइकलमाआगोलागी भई नम्बर समेत नचिनिने भएको छ ।

मृत अवस्थामा फेला

काठमाडौं । कपिलवस्तु, शिवराज नगरपालिका(३ मदुवा बस्ने १६ वर्षीया दिपा रोका सोही ठाउँस्थित जय खोलामा सोमबार मृत अवस्थामा फेला परेकी छन् । ११ गते नल्कामा पानी पानी लिन गएकी उनी सम्पर्कमा नआएपछि खोजी गर्ने क्रममा शव फेला परेको हो । भक्तपुर, मध्यपुर ठिमी नगरपालिका-५ बप्पा मार्गस्थित सडक छेउमा हाल नाम, थर वतन नखुलेका करिब ५२ वर्षीय पुरूष सोमबार मृत अवस्थामा फेला परेका छन् ।

तनहुँ, देवघाट गाउँपालिका-५ पिपलटारस्थित त्रिशुली नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् ।

मोटरसाइकलको ठक्करबाट मृत्यु

धनुषा । मिथिला नगरपालिका-९ बडहरीस्थित सडकमा ज.३ प ८१७७ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री हाल नाम, थर, वतन नखुलेका करिब ६५ वर्षीय पुरुषको सोमबार दिउँसो मृत्यु भएको छ ।

ठक्करबाट गम्भीर घाइते भएका उनको उपचारको लागि मोडेल अस्पताल लालगढतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलका चालक महोत्तरी एकडारा गाउँपालिका(३ बस्ने ४२ वर्षीय रामजीवन प्रसाद साहको सोही अस्पतालमा उपचार भइरहेको छ ।

दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं । कास्की, खोटाङ, पर्सा र कञ्चनपुरमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ ।

कास्की पोखरा महानगरपालिका-१ सिमपानीस्थित सडकमा ग.१५ प २५८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीय खड्क बहादुर गुरुङको आइतबार साँझ मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको फिस्टेल अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

खोटाङ दिप्लङ चुईचुम्मा गाउँपालिका-१ रातामाटास्थित सडकमा ज.१ त २२६६ नम्बरको ट्याक्टर उकालोमा चढ्ने क्रममा आइतबार दिउँसो पल्टिएर दुर्घटना हुँदा ट्याक्टर चालक सर्लाही बस्ने २४ वर्षीय कैलाश भुजेलको घटनास्थलमै मृत्यु भएको छ ।

पर्सा वीरगंज महानगरपालिका-१४ स्थित सडकमा ना.५ ख ७८०५ नम्बरको ट्रकको ठक्करबाट आइतबार दिउँसो पैदलयात्री सखुवाप्रसौनी गाउँपालिका-४ सोलकपुर बस्ने २६ वर्षीय संदिप महराको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको तराई अस्पताल वीरगंज हुँदै नेशनल मेडिकल कलेज वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कञ्चनपुर बेलौरी नगरपालिका-४ शान्तिपुरस्थित सडकमा सु.प.प्र.०१-००२ च४१७३ नम्बरको ट्याक्टरबाट आइतबार दिउँसो खसेर ट्याक्टरमा सवार सोही ठाउँ बस्ने २५ वर्षीय बहादुर रानाको मृत्यु भएको छ । दुर्घटना गम्भीर घाइते भएका उनको ईशान मेमोरियल अस्पताल बेलौरी हुँदै निसर्ग अस्पताल धनगढीमा थप उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मृत अवस्थामा फेला

काठमाडौं । कञ्चनपुर, पुनर्वास नगरपालिका-१ ढक्का बस्ने ७१ वर्षीया खण्टी भुल आफ्नै घरमा आइतबार मृत अवस्थामा फेला परेकी छिन् । घटनाको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कञ्चनपुर र ईलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीबाट खटिएको अनुसन्धानको लागि ३ जनालाई नियन्त्रणमा लिएको छ । नुवाकोट, ककनी गाउँपालिका-१ रातोमाटेस्थित खोल्चामा रसुवा नौकुण्ड गाउँपालिका-३ घर भई हाल सोही ठाउँस्थित लेवर काम गर्ने ५५ वर्षीय लासवाङ् दी तामाङ आइतबार दिउँसो मृत अवस्थामा फेला परेका छन् ।

सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु

काठमाडौं । दाङ, लमही नगरपालिका-१ सुनडवरीस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट हाल नाम, थर, वतन नखुलेका करिब ५५ वर्षीय पुरूषको मंगलबार बिहान मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको लमही अस्पताल लमही दाङ हुँदै भेरी अस्पताल बाँकेमा थप उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ ।

पर्सा,वीरगंज महानगरपालिका-१४ रेणुका पथ अगाडि ना.७ ख ५९२७ नम्बरको कन्टेनरमा ना.८ प ४५४ नम्बरको मोटरसाइकल सोमबार राति ठोकिदा मोटरसाइकल चालक बारा कोल्वी नगरपालिका-१० बस्ने ३२ वर्षीय उमेश चौधरीको मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका उनको तराई अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ३० वर्षीय जयकान्त चौधरीको सोही अस्पतालमा उपचार भइरहेको छ । कन्टेनर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

झापा,शिवसताक्षी नगरपालिका-१० भालु खोलास्थित सडकमा ग.१ ख ६४३७ नम्बरको ट्रकको ठक्करबाट को.२ च १५८२ नम्बरको पिकअप गाडीका चालक मोरङ केराबारी गाउँपालिका(८ बस्ने४६ वर्षीय भोजराज आचार्यको सोमबार राति मृत्यु भएको छ । पिकअप गाडी बाटोमा होल्ड भई चालक गाडी चढ्ने क्रममा ठक्कर दिँदा गम्भीर घाइते भएका उनको बी एण्ड सी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Jargon = अप्ठ्यारा प्राविधिक शब्दहरू Since his article is full of gargon, very few like it (उसका लेख अप्ठ्यारा शब्दले भरिने हुँदा धेरै कमले मात्रै रुचाउँछन्)

Lucre = पैसा Preferring lucre to fame he writes only stories of popular appeal (ख्यातिभन्दा पनि पैसा कमाउने उसको धुन भएको हुँदा ऊ साधारण मानिसका लागि मात्र हुने खालका कथा लेख्ने गर्दछ)

Lucid = सजिलै बुझ्न सकिने He is an excellent teacher, he gives such a lucid explanation that even a child can grasp is very well (उनी एउटा राम्रा शिक्षक हुन् । उनले दिएको उदाहरण एक बालकले समेत सजिलै बुझ्न सक्छ)

Mutinous = अशान्त विद्रोही The soldiers became mutinous as the government decided to curtail their benefit (सरकारले सेनाले पाउँदै आएका सुविधा घटाउने निर्णय गरेको कारण सिपाहीहरू विद्रोही बन्न पुगे)

Nonplus = नसोचेको व्यवहार प्रदर्शन गरी अरूलाई बोल्न नसक्ने पारिदिनु His dealing full of rudeness nonplussed all the invities joining the party (उसको छुद्र व्यवहारले भोजमा आएका सबैलाई बोल्नु न नबोल्नु पारिदियो)

Nondescript = खुट्याउन नसक्ने साधारण Being a nondescript, nobody believes that he could be a detective (सादा किसिमले आफूलाई प्रस्तुत गर्ने हुँदा ऊ जासुस होला भनेर कसैले विश्वास गर्दैनन्)

Outskirts = शहरभन्दा बाहिर As he lives on the outskirts he is not much aware of the activities carried-out in the city center (शहरभन्दा बाहिर बस्ने हुँदा शहरमा भएका क्रियाकलापप्रति ऊ अनभिज्ञ छ)

Porous= प्वाल भएको Dancers prefer to wear porous clothing for easy passage of air during dancing (नाच्दाखेरि शरीरमा हावा खेल्न पाई छिट्टै पसिना नआउने हुँदा नर्तकीहरू प्वाल भएको लुगा लगाउन मनपराउँछन्)

Quarantine = रोग सर्ला भनी छुट्टै राख्ने प्रथा The quarantine operating in the frontier did not allow the import of infected buffaloes (सीमामा रहेको रोगी वस्तु जाँच गर्ने कार्यालयले रोगी राँगाहरूको आयातलाई अनुमति दिएन)

Rusticate = गाउँतिर पठाइदिनु As they are very much fond of the city life I do not think that they can rusticate easily (सहरमा बस्न मनपराउने भएको हुँदा तिनीहरू गाउँमा वसाइ सर्लान् भन्ने मलाई लाग्दैन)

Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn to = रुपान्तरित हुनु He was renowned as a democratic leader but he turned to left suddenly (ऊ प्रजातान्त्रिक नेताको रुपमा नाम चलेको भए तापनि एक्कासी बामपन्थीमा रुपान्तरित हुन पुग्यो)

Turn = मोड The unfortunate turn in Nepali politics has endangered new republic (नेपालको राजनीतिमा देखिएको दुभार्ग्यपूर्ण मोडले शिशु गणतन्त्र खतरामा पर्न गएको छ)

Turn = पालो Please wait your turn has yet to come पर्ख तिम्रो पालो आउँदैछ ।

Turn = पटक Her plan has had success at every turn उनको योजनाले हरेक पटक सफलता चुमेको छ ।

Turn = पालैपालो We cook and wash the dishes by turns हामी पकाउने र भाडा माझ्ने काम पालैपालो गर्छौं ।

Turn = चम्कनु After she got married her luck is on the turn विवाह गरेपछि उनको भाग्य चम्कँदैछ ।

Turn = फाट्नु Put the milk inside the fridge otherwise it will turn (दूधलाई फ्रिजमा राख अन्यथा त्यो फाट्छ)

Turn = विनसित्तिको He is never serious about time speaks always out of turns ऊ समयको ख्यालै गर्दैन विनसित्तीको भाषण छाटिरहन्छ ।

Turn = बदली With the turn of year, he also changed his profession वर्ष बदलिँदा उसले आफ्नो पेसा पनि बदल्यो ।

सुडोकु-अंक २०७

	७		६		४		२	
			५		८			
		६		१		७		
८	९						४	६
		५				८		
३	१						९	२
		९		६		४		
			१		२			
	३		९		७		६	

अंक २०६ को नतिजा

५	३	४	८	९	६	७	१	२
८	७	२	३	५	१	४	९	६
६	९	१	७	२	४	३	८	५
४	८	७	५	१	२	६	३	९
३	५	६	९	८	७	२	४	१
१	२	९	४	६	३	५	७	८
२	४	८	६	३	९	१	५	७
९	६	३	१	७	५	८	२	४
७	१	५	२	४	८	९	६	३

Indispensable Prerequisite for Peace and Stability on Korean Peninsula–2

As a result, the process for converting the Armistice Agreement into a peace agreement miscarried, and the unstable state of neither war nor peace lasts on the Korean Peninsula.

In August 1953, the US went totally against Sub-paragraph 13(b), Article II of the Armistice Agreement and unilaterally drew the "northern limit line" in the West Sea of Korea, which is an act of illegal and outrageous crime, thereby turning its surrounding areas into the world's most dangerous hotspot. It is also attempting in every way to impose a blockade on our country under the pretext of "Proliferation Security Initiative", running counter to Paragraph 15, Article II which prohibits any kind of blockade against the DPRK.

The US nullified Sub-paragraph 13(d), Article II of the Armistice Agreement which called for a complete cessation of introduction of all military materiel from outside of the Korean territory and turned south Korea into a world's weapons exhibition hall.

The US incessantly threatened and blackmailed the Inspection Teams of Neutral Nations Supervisory Commission which were mandated according to Sub-paragraph 13(c), Article II of the Armistice Agreement to supervise and inspect the introductions of military materiel from outside of the Korean territory, and eventually expelled them from south Korea in June 1956, thereby paralyzing their inspection functions.

In May 1957, the then US State Secretary openly stated that "the US should consider sending more modern and effective weapons to south Korea," and on June 21 the same year, the US Army side that attended the 75th meeting of the Military Armistice Commission(MAC) announced its unilateral abrogation of Sub-paragraph 13(d) of the Armistice Agreement.

The US shipped into south Korea more than 1 000 nuclear weapons during the period between the late 1950s and the 1980s. As a result, south Korea was converted into the most highly deployed area of nuclear weapons in the world, their number being 4 times more than that of "NATO" member states, and into an advanced outpost for the outbreak of a nuclear war. The US also formalized the provision of nuclear umbrella to south Korea at the 14th session of the US-south Korea Annual Security Consultative Meeting held in March 1982.

At the dawn of the 21st century, the US designated the DPRK as a target for preemptive nuclear strike in its "Nuclear Posture Review" and shipped into south Korea the warfare equipment worth an astronomical amount of money, along with nuclear weaponry.

The US deployed in south Korea all sorts of ultra-modern offensive arms such as "F-117" stealth fighter, "F-15" and "F-16" fighters, "Shadow 200" tactical reconnaissance drones, Apache, new-type "Patriot" missiles, "Stryker" armoured vehicles, guided missile destroyers, "Abrams M1-A2" tanks, "ATACMS" ground-to-ground missiles, Mine-Removing Armour-Protected (MRAP) special vehicles, and even introduced the THAAD system.

Most recently, the US introduced to south Korea "F-35A" stealth fighters, "Global Hawk" high-altitude reconnaissance drones, AWACS and many other ultra-modern offensive weapons, thus turning south Korea into literally a showcase of lethal weapons.

The US went to the length of abolishing the MAC and the Neutral Nations Supervisory Commission (NNSC), the only remaining supervisory bodies for implementing the Armistice Agreement.

In the 1950s, it dissolved the Neutral Nations Inspection Teams under the NNSC and the Joint Observer Team under the MAC which were provided for by Paragraph 23, Article II of the Armistice Agreement. On March 25, 1991, it staged a farce of designating as a senior member of the US Army side to the MAC a puppet army officer of south Korea which is not a signatory to the Armistice Agreement and therefore does not have any qualifications or authority to handle the issues relating to the Armistice Agreement.

As a result, the MAC, which had functioned for more than four decades, ceased its existence, and the NNSC, too, having lost its counterpart, withered away by itself.

The US also abrogated the Preamble and Paragraph 12 of the Armistice Agreement, which provides for a complete cessation of hostilities and all acts of armed force in Korea.

